## जर्मनीले नेपाल सरकारलाई ३ अर्ब अनुदान दिने

काठमाडौं । जर्मन सरकारले नेपाललाई करिब ३ अर्ब ४ करोड रुपैयाँ अनुदान दिने भएको छ । जर्मन सरकारले नवीकरणीय उर्जा कार्यक्रम, मातृ शिशु स्वास्थ्य सेवा र दिगो आर्थिक विकास कार्यक्रम सम्बन्धी क्षेत्रको लागि सो रकम नेपाललाई दिन लागेको हो ।

नेपाल सरकार र जर्मनी सरकारबीच असार २० गते सहायतासम्बन्धी हस्ताक्षर गर्ने कार्यक्रम रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## अभागी मेस्सी

काठमाडौं । अर्जेन्टिनी फुटबल टिमका कप्तान लियोनल मेसी फेरि एकपटक अभागी खेलाडी बन्न पुगेका छन् । अर्जेन्टिनालाई अन्तर ाष्ट्रिय फुटबल खेलको च्याम्पियन बनाउने उनको सपना अधुरो भएको छ । राष्ट्रिय टिमलाई कुनै अन्तर ाष्ट्रिय उपाधि दिलाउन नसकेको आरोपबाट मुक्त हुने उनको पछिल्लो प्रयास असफल भएको छ । विश्व फुटबलमै सबैभन्दा पुरानो र चर्चित कोपा अमेरिका कपको ट्रफी उचाल्ने मेसीको धोको ब्राजिलसँग २-० ले पराजित भएसँगै पूरा हुन सकेन ।

आधुनिक फुटबलका महान खेलाडी हुन् बाँकी ८ पेजमा

वर्ष ८ अंक १२, २०७६ साल असार २० गते शुक्रबार, नेपाल संवत् ११३९ (July 5, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

# आज संयुक्त राष्ट्रिय आन्दोलनको घोषणा

काठमाडौं । दुई ठूला कम्युनिस्ट पार्टी मिलेर बनेको नेकपा (नेकपा) ले दुईतिहाई निकटको बहुमतसहित सरकार सञ्चालन गरिरहेको भए तापनि सरकार दिनानुदिन अराजक, भ्रष्ट र सर्वसत्तावादी चरित्रको बन्दै गएपछि सिंगो मुलुक नै गम्भीर संकटको भूमरीतर्फ जान लागेको संकेत मिल्न थालेको छ। सरकारले संसदमा पेस गरेका विवादास्पद विधेयकहरुले सरकारको सक्कली चरित्र मुखरित गराएको छ । मिडिया काउन्सिल विधेयक, नागरिकता विधेयक, गुठी विधेयक लगायत सबैजसो विधेयक चरम विवादमा परे भने निर्मला बलात्कार तथा हत्या काण्ड, सुन तस्करी काण्ड, एनसेल काण्ड, वाइडबडी काण्ड, मेलम्ची काण्ड जस्ता चर्चित प्रकरणले सरकारको मुकुन्डो उघ्रिएको छ । त्यसैगरी धर्मनिरपेक्षताको दुरुपयोग गर्दै मुलुकमा क्रिश्चियानिटी विस्तार गर्न् होली वाइन प्रकरणमा प्रधानमन्त्री ओलीको प्रत्यक्ष संलग्नताले सरकारले सनातन धर्म संस्कृति समाप्त पार्ने मिसन बोकेको स्पष्ट हुन्छ । भारतीय चलचित्रकर्मीको आइफालाई १ अर्ब




दिने निर्णय साथै मित्रराष्ट्र चीनलाई धक्का पुर्‍याउने उद्देश्यलृ अघि सारिएको एसिया प्यासिफिक -हिन्द प्रशान्त) रणनीतिमा सरकार फस्दै जानुले ओली सरकार भिरतर्फको दौडमा लागेको स्पष्टै हुन्छ ।

मुलुकमा व्याप्त चरम बेरोजगारी र बर्सेनि पाँच लाखभन्दा बढी जल्दाबल्दा युवाशक्ति विदेशको जोखिमपूर्ण काममा जानुपर्ने बाध्यता यथावत रहनु र सरकारले यसलाई अझै प्रोत्साहित गर्ने नीति लिन, राष्ट्रिय उद्योगलाई धराशायी बनाएर आयातलाई प्रोत्साहन गरी व्यापारघाटा डरलाग्दो बढाउनु, अर्थतन्त्र धराशायी बनाउनु लगायतका सरकारका सयौं गलत क्रियाकलापको चौतर्फी भण्डाफोर भइरहेको छ । विभिन्न खालका शक्तिहरु सरकारको विरोधमा उर्लिरहेका अवस्थामा पुरानो राजनीतिक अनुभव र सैद्धान्तिक हतियारसमेत प्रबल भएका आठवटा राजनीतिक दलहरुले मोर्चा बनाई संयुक्त राष्ट्रिय आन्दोलनको घोषणा गरेका छन् ।

नेपाली कांग्रेस (बीपी), नेकपा (माले), जनसमाजवादी पार्टी, नेपाल समाजवादी कांग्रेस, राष्ट्रिय लोकतान्त्रिक मञ्च, तेत्तीस दलीय मोर्चा, जनमोर्चा नेपाल, जनताको प्रजातान्त्रिक पार्टीले बालुवाटारस्थित रिज क्याफेमा १८ गते आयोजित संयुक्त पत्रकार सम्मेलनमार्फत असार २० गते ४ बजे रत्नपार्कमा जुलुस तथा आमसभा गरी संयुक्त राष्ट्रिय आन्दोलनको घोषणा गर्ने जानकारी गराएका छन् ।

नेपाली कांग्रेस बीपीका सभापति हरिबोल भट्टराईको सभापतित्वमा भएको पत्रकार सम्मेलनमा नेकपा (माले) का महासचिव सीपी मैनालीले आन्दोलनको आवश्यकता उद्देश्य र बाँकी ८ पेजमा

## संयुक्त राष्ट्रिय आन्दोलनको अपिल

केपी शर्मा ओलीले नेतृत्व गरेको नेकपा (नेकपा) को वर्तमान सरकार दिनपर दिन सर्वसत्तावादी, निरंकुश र लम्पसारवादी वनिरहेको छ । राष्ट्रियताको संरक्षण, भ्रष्टाचार नियन्त्रण, रोजगारीको सृजना, महंगी नियन्त्रण, अराजकता र अव्यवस्थाको अन्त्य, जनधनको सुरक्षा जस्ता सरकारका प्राथमिक जिम्मेवारीभित्र पर्ने समस्याको समाधानमा संसदभित्र दुईतिहाइ कमाण्ड गर्ने शक्तिशाली भनिएको सरकार गैह्रजिम्मेवार, लाचार र निरिह बनेको छ । ख्यालठट्टा, उटपट्याङ् अभिव्यक्ति, विना तयारीका विदेश भ्रमण देशको कार्यकारी प्रमुखको दिनचर्या वनेको छ । सरकार प्रमुखका यस्ता रवैया र सरकारद्धारा संसदमा प्रस्तुत नागरिकता ऐन संशोधन विधेयक, मेडिया काउन्सिल विधेयक, मानव अधिकार आयोग विधेयक लगायत गुठी प्राधिकरण विधेयक र उसले आयोजना गरेको वहुप्रचारित 'एशिया प्यासेफिक (होली वाइन) सम्मेलन', हिन्द-प्रशान्त रणनीतिप्रतिको लगाव, राष्ट्रियहित प्रतिको उदासिनता र हालै आएर भारतीय सिनेकर्मीको आइफा (IIFA) पुरस्कार वितरण समारोह आयोजनाको निम्ति सरकारले १ अर्व रु.को खर्च ब्योहोर्ने निर्णयबाट उसको निरंकुश, राष्ट्रहित विपरित वैदेशिक तावेदारीवादी चरित्र छर्लङ्ग हुन्छ ।

सरकार वाइडबडी, सुनतस्करी, एन्.सेल., फोर.जी, मेलम्ची खानेपानी आयोजना लगायत थुप्रै भ्रष्टाचार प्रकरण र निर्मला पन्त बलात्कार तथा हत्याकाण्डका अपराधीहरूको संरक्षक बनिरहेको छ । तोकिएको समयभित्र काम पुरा नगर्ने निर्माण कम्पनीहरूलाई टेण्डर प्रकृयामा सामेल हुन नदिने निर्णय दुईतीन दिन भित्रै फिर्ता लिनु, जग्गा कारोबारीहरूले मनपरी ढंगबाट गरेको जग्गा प्लटिङ् र विक्रीवितरणलाई केही दिनका लागि बन्देज गर्नु अनि पछि फुक्का गर्नु, निजी क्षेत्रका स्वास्थ संस्था र शिक्षण संस्थाले मनोमानी ढंगले लिएको चर्को शुल्कलाई अनुमोदन गर्नु, बिचौलिया र सिन्डिकेटको बाँकी ८ पेजमा

## सधैं घाटाकै व्यापार

काठमाडौं । मुलुकको व्यापारघाटा हरेक महिना बढ्दै गएको छ। निर्यातजन्य वस्तु उत्पादन तथा उत्पादकत्व बढाउन नसक्दा व्यापारघाटा बढ्दै गएको हो । भन्सार विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्षको ११ महिनामा व्यापारघाटा १२ खर्ब ११ अर्ब रुपैयाँ पुगेको छ । जसअनुसार मासिक १ खर्ब १० अर्ब घाटा भएको देखिन्छ । यो अघिल्लो वर्षको ११ महिनाको तुलनामा १७.४ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७४।७५ मा व्यापारघाटा १० खर्ब ३२ अर्ब रुपैयाँ थियो ।

व्यापारघाटा बढ्नुको खास कारण नै निर्यात हुन नसक्नु हो । देशभित्र निर्यातजन्य वस्तु उत्पादन हुन सकेको छैन । घाटा कम गर्न पहिलो काम उत्पादन नै बढाउनुपर्छ । स्थानीय उत्पादन वृद्धि हुँदा मात्र आयात प्रतिस्थापन हुन सक्छ । सरकारी तथ्यांकले बताउँछ कि मुलुक कृषि वस्तुमा समेत परनिर्भर बन्दै गएको छ। मासिक दुई अरबको त चामल मात्र आयात भइरहेको छ । त्यस्तै खाने तेल, दाल, गेडागुडीदेखि तरकारी र फलफूल अरबौंको आयात भइरहेको छ । जबकि नेपाल कृषिप्रधान देश हो र ८० प्रतिशत बढी जनता बाँकी ८ पेजमा

## राजनीतिमा नैतिकता

काठमाडौं । भारतमा हालै सम्पन्न १७ औं लोकसभा निर्वाचनमा भारतीय राष्ट्रिय कांग्रेसले अनपेक्षित पराजय व्यहोरेपछि पराजयको नैतिक जिम्मेवारी लिँदै अध्यक्ष राहुल गान्धीले पदबाट राजीनमा दिएका छन् । ४ढ वर्षीय गान्धी नेहरु गान्धी परिवारको राजनीतिक विरासत थामिरहेका नेता हुन् । निर्वाचनका बेला भारतीय जनता पार्टीले कांग्रेसविरुद्ध वंश राजनीतिको मुहिम छेडेको थियो । यसमा भाजपा सफल भयो र कांग्रेस ५२ सिटमा सीमित भयो । प्रतिपक्षमा रहने दलसँग ५५ सिट हुनुपर्ने संवैधानिक प्रावधानलाई समेत कांग्रेसले पूरा गर्न बाँकी ८ पेजमा

## आइफा अवार्डमा झन्डै चिप्लियो ओली राष्ट्रवाद

काठमाडौं । अन्ततः इन्टरनेसनल इन्डियन फिल्म एकेडेमी (आइफा) अवार्ड २०१९ समारोह काठमाडौंमा गर्ने योजनाबाट सरकार पछि हटेको छ। संयोजनको जिम्मा पाएको पर्यटन बोर्डले तत्कालका लागि अवार्ड आयोजनाका सबै प्रक्रिया स्थगित गरेको जनाएको छ। चौतर्फी आलोचना र संसदको अन्तर ाष्ट्रिय सम्बन्ध समितिको निर्देशनपछि आइफा अवार्ड समारोह स्थगन गर्न सरकार बाध्य भएको हो । आइफा अवार्ड कार्यक्रमका लागि सरकारले एक अर्ब रुपैयाँ राष्ट्रिय ढुकुटीबाट खर्च गर्न लागेको थियो । यले जनस्तरमा तरंग उत्पन्न गराएको थियो । आइफा अवार्डको विषयलाई राष्ट्रिय हितसँग जोडेर सरकारको तीव्र विरोध हुन थालेपछि एकाएक सरकारले आइफाबाट हात झिकेको हो । समग्रमा नेपालको स्वाधीनता, स्वतन्त्रता र अस्मितामाथि नै आँच पुर्‍याउने प्रकृतिको रहेको आइफा अवार्ड समारोह अब यसपटक नेपालमा नहुने निश्चित भएको छ । भारतीय नाकाबन्दीताका उर्लिएको ओली राष्ट्रवाद आइफा अवार्डमा स्खलित कुनबाट बालबाल बचेको छ ।

आइफा अवार्ड कार्यक्रम नेपालमा हुनै हुँदैन भन्ने आम मानिस लगायत बौद्धिक वर्गको धारणा पटक्कै होइन । सवाल हो जनताले पसिना बगाएर तिरेको करबाट जम्मा भएको राज्यकोष भारतीय धनी कलाकारहरुका लागि खुला गरिनु हुन्न । एक अरब त देखिने रकम मात्र हो । अदृश्य रुपमा अरु करोडौं रकम खर्च हुन्थ्यो सुरक्षा र सरसफाइका नाममा । यसरी सौखिन विदेशी कलाकारका लागि खर्च गरिने रकम नेपाली सिने उद्योगमा सरकारले खर्च गर्ने हो भने नेपाली कला र संस्कृति विश्वव्यापी रुपमा प्रमोट हुनेछ भन्ने आम बुझाइ हो । नेपाली कलाकारहरु बिरामी हुँदा उपचार खर्चविहीन भएर मृत्यु वरण गर्न बाध्य छन् । जनता तुइनमा झुन्डिँदै ज्यानको बाजी लगाएर खोला तर्न विवश छन् । धूवाँ र धूलोले काठमाडौं मास्कमाण्डौंका रुपमा चिनिएको छ। सहरमा शौचालयको अभावमा जनता दिसा पिसाब रोकेर मिर्गौला बिगार्दै हिँडिरहेका छन् । पहाडी र हिमाली भेगका जनता अनिकालले ग्रस्त छन् । राजधानी काठमाडौंबासी पानीको अभावमा काकाकुलतुल्य छन् । द्वन्द्वकालमा बेपत्ता पारिएका परिवारको हालत हृदयविदारक छ । रोजगारीको अवसरबाट वञ्चित भएर दिनहुँ १५ सय युवाहरु खाडीको ६३ डिग्री सेल्सियस तापक्रममा पिल्सिन जानु उनीहरुको नियति बनेको छ । एउटा नेपाली जन्मिँदा ३८ हजार विदेशी ऋण थाप्लोमा लिएर जन्मन्छ। देशले वैदेशिक व्यापार गरिरहेको छ सधैं घाटाको। जंगबहादुरले बनाइदिएका सीमा स्तम्भहरु भत्किएर जीर्ण अवस्थामा छन् । तिनको मर्मत गरेर सीमा सुरक्षा गरिनुपर्ने हो । भारतीयहरुले सीमा मिच्ने अवसर यसरी पाइरहेका छन् । तर सरकारको अर्जुनदृष्टि यस्ता विषयहरुमा छैन । आइफा अवार्ड समारोहको आयोजना गरेर भारतलाई रिझाउन उद्यत छ सरकार । आइफामा खर्च गरिने रकम राष्ट्र हित र जनहितमा खर्च गरियोस् भन्ने आम नागरिकको भनाइ हो ।

इभेन्ट म्यानेजर बाँकी ८ पेजमा

## नेपाली भूमि डुबानमा


काठमाडौं । एक साता अघिदेखि यस वर्षको मनसुन सक्रिय भएको छ । नेपालको अर्थतन्त्रका लागि वरदान मानिने मनसुनले विगत केही वर्षदेखि विपद्समेत निम्त्याउन थालेको छ । यो विपद् मनसुनको कारणले नभएर मानवीय क्रियाकलाप तथा मानव निर्मित संरचनाका कारण उत्पन्न हुन थालेको हो ।

उदाहरणका लागि गत शनिबार बाके जिल्लाको दक्षिण पूर्वी भेगका केही गाउँमा उत्पन्न डुबान समस्यालाई लिन सकिन्छ । खासै ठूलो पानी नपर्दा पनि त्यस क्षेत्रका करिब आधा दर्जन गाउँहरू डुबानमा परेका छन् । नरैनापुर गाउँपालिकाअन्तर्गतका बनिया, महतनियाँ, मझेरटी, मियाँपूर्वा, घोरदौरिया, महादेवनगर, कोटिहा, बहाबपूर्वा, रोशनपूर्वा गाउँका सय बढी घरहरू डुबानमा परे भने एक दर्जन भत्किएका छन् । हजारौं बिघा खेत डुबानमा परेको छ । बिउ राखिएको ब्याडसमेत डुबानमा परेका कारण किसानहरू चिन्तित छन् । साथै, डुबानले पुल, कल्भर्टको दुवैतिर कटान गरेको छ । बाँकी ८ पेजमा

समय सन्दर्भ

## वायु प्रदूषणको महामारी

**गणेश पराजुली**



(विश्व स्वास्थ्य संगठनले हालै सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनका अनुसार दक्षिणपूर्वी एसियामा सबैभन्दा धेरै प्रदूषक मुलुकहरूको सूचीमा नेपालको नाम पनि परेको छ। त्यो प्रतिवेदनका अनुसार वायु प्रदुषणका कारण मानिसहरूको मृत्यु धेरै हुने देशहरूको सूचीको शीर्ष स्थानमा नेपाल र उत्तर कोरिया छन् । तथ्याङ्कअनुसार नेपालमा बर्सेनि करिव दश हजार जनाले वायु प्रदूषणका कारण ज्यान गुमाउने गरेका छन् ।)

वायु प्रदुषण भन्नाले विभिन्न रासायनिक पदार्थ, धुवाँ, धुलो आदि हावामा मिसिन गई हावा दुषित हुनु वा स्वच्छ हावामा विविध कारणहरुले परिवर्तन आउनु हो ।हाम्रो सन्दर्भमा मूलतः सवारीसाधन र उद्योगबाट निस्कने धुँवा, फोहरमैलाका अतिरिक्त घरभित्र दाउरा गुईठा बालेर खाना पकाउदा निस्कने धुँवा धुलाकाकारण स्वच्छ वायुमा यस प्रकारको परिवर्तन आउने गरेको छ।

नेपालको ग्रामीण क्षेत्रको वायु प्रदूषणका प्रमुख कारणमा ७५ प्रतिशत घरको भान्छामा प्रयोग हुने दाउरा, गुइँठा रहेको छ । ईन्धनको रुपमा प्रयोग हुने दाउरा र गुइँठाले महिला एवं बालबालिकाको स्वास्थ्यमा प्रतिकुल प्रभावित पारिरहेको छ । यस्तै घर बाहिर हुने वायु प्रदूषणमा ३८ प्रतिशत सवारी साधन तथा २५ प्रतिशत धुलोको कण रहेको छ ।

सहरी क्षेत्रको वायु प्रदूषणमा धूलो र धूँवा मुख्य कारक हुन् । काठमाण्डौको कुरा गर्ने हो भने, यहाँ चल्ने ६० प्रतिशतभन्दा बढी सवारीसाधन वातावरणीय प्रदूषण नियन्त्रण मापदण्ड भन्दा वाहिरका छन् । कचौरा आकारमा रहेको उपत्यकामा रहेका ईटा भट्टावाट निस्केकोधूलो धुँवा र जथाभावि थुप्रिएको फोरहमैलाले अवस्था त्यत्तिकै विकराल वनेको छ । सडक बिस्तार, खानेपानीका पाइप र ढलका लागि खनिएका बाटोका मर्मतमा भएको ढिलाइका कारण काठमाण्डौको वायुको स्तर दिन प्रतिदिन खस्कदैं गएको छ। अन्य सहरको अवस्था पनि करिव करिव यो भन्दा भिन्न छैन । बाँकी ८ पेजमा

## हार्दिक निमन्त्रणा

यस **ग्रेटर नेपाल राष्ट्रिय साप्ताहिक**को
सातौं वार्षिकोत्सव
यही साउन ४ गते शनिबार दिनको १ बजे
नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ ।
राष्ट्रवाद/पर्यावरणको संरक्षण तथा सामाजिक विकासमा उल्लेख्य योगदान गर्ने राष्ट्रिय व्यक्तित्वलाई सम्मान गरिने यस कार्यक्रममा यस पत्रिकाका वार्षिक ग्राहक, विज्ञापनदाता, शुभेच्छुक एवं सहयोगी सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।

*(समारोहपश्चात् जलपानको व्यवस्था पनि गरिएको छ)*




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल
प्रा.डा.चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# भ्रष्टाचार रोक्न नागरिक जाग्नुपर्ने अवस्था

भ्रष्टाचारमा शून्य सहनशीलताको सरकारी नीति विपरीत देशमा भ्रष्टाचारका श्रृंखलाहरू एकपछि अर्को बढिरहेका छन् । नेपाल विश्वकै भ्रष्ट मुलुकका रूपमा चिनिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई संसारकै भ्रष्ट मुलुकको 'टप टेन' भित्र आफ्नो प्रतिवेदनमा सूचीकृत गरेको छ । व्यक्तिगत, संस्रूथागत एवं नीतिगत भ्रष्टाचारले देशका राष्ट्रिय गौरवका आयोजनाहरू समयमा कहिल्यै पूरा भएका छैनन् । भ्रष्टाचारको नियमन गर्ने र कारबाहीको मागका साथ अदालतको ढोका घच्घच्याउने अधिकार प्राप्त अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राजनीतिक तहमा हुने नीतिगत भ्रष्टाचारमा अझै हात हाल्न सकेको छैन । केही थान खरदार, सुब्बा, शाखा अधिकृतहरूलाई भ्रष्ट र अकुत सम्पत्तिवाला करार गरेर अख्तियार आफ्नो धर्म पूरा गर्न खोजिरहेको छ । देशमा सबैभन्दा भ्रष्ट राजनीतिक दलका नेताहरू छन्, त्यसपछि मात्र कर्मचारी । तर अख्तियार भ्रष्ट राजनीतिक नेतृत्वलाई छुन डराइरहेको छ ।

पछिल्लो पटक बहुचर्चित मेलम्ची आयोजनाको ठेक्का निर्णयमा एक अर्ब रूपैयाँभन्दा बढी भ्रष्टाचार भएको भेटिएको छ । भ्रष्टाचारकै कारण लामो समयदेखिको मेलम्ची खानेपानी आयोजना सम्पन्न हुन सकेको छैन । आयोजनाको ठेकेदार इटालियन कम्पनी सीएमसीले छोडेर गएको बाँकी कामका लागि मन्त्रिपरिषदबाट ठेक्का दिंदा फेरि बदमासी गरिएको छ । तीन प्रतिशत कामका लागि आयोजनाले मन्त्रिपरिषद्बाट दुई अर्ब ६३ करोड रूपैयाँमा बिना प्रतिस्पर्धा ठेक्का दिने निर्णय गरेको थियो । त्यही काम सीएमसीले एक अर्ब ५५ करोड रूपैयाँमा गर्न मञ्जुर थियो । काम डेढ अर्ब रूपैयाँमा सकिन्थ्यो तर दुई अर्ब ६३ करोड रूपैयाँमा ठेक्का दिने निर्णय गराएर एक अर्ब ८ करोड रूपैयाँ झ् वाम पारिएको छ । सीएमसीले जारी गरेको अन्तरिम भुक्तानी प्रमाणपत्र नं. ४६ को अन्तिम बिलमा एक अर्ब ५५ करोड रूपैयाँ बाँकी देखिएको छ । भ्याटसहित सात अर्ब ७२ करोड रूपैयाँमा सीएमसीले ठेक्का पाएको थियो । सीएमसीले जारी गरेको बिल ६ अर्ब ८३ करोड रूपैयाँको मात्र छ । सीएमसीले ५ अर्ब ७० करोड मात्र भुक्तानी लगेको छ । सीएमसीले बाँकी कामका लागि १ अर्ब १३ करोड रूपैयाँ भुक्तानी दाबी गरेको छ ।

आठवटा बिना प्रतिस्पर्धा बाँकी दुई ठेक्का सीमित अवधिका लागि राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्न मन्त्रिपरिषदको गत जेठ ६ गतेको बैठकले निर्णय गरेको छ । मन्त्रिपरिषद्बाट गरिएको निर्णयमा अख्तियारले छानबिन गर्न पाइँदैन । मन्त्रिपरिषद्बाट पारित निर्णयमा दशवटा प्याकेज छन् । हेडबक्स निर्माण, पर्खाल खोला तर्काउने काम, त्यसका लागि एक अर्ब २३ करोड ३१ लाख रूपैयाँ र सुरूङ सुरक्षा तथा फिनिसिङ कार्यका लागि ९५ करोड ९० लाख रूपैयाँ सीमित अवधिका लागि बोलपत्रमार्फत ठेक्का गराउने निर्णय गरेको छ । आयोजना प्रमुखले सोझै ठेक्का दिन पाउने गरी मन्त्रिपरिषद्ले आठवटा प्याकेजको निर्णय गरेको छ । यसको ठेक्का आयोजनाले श्रेष्ठ कन्स्ट्रक्सनलाई दिएको छ ।

सामान्यतः बोलपत्र आह्वान गरेर नयाँ ठेक्का लगाउने नियम छ । तर बोलपत्र आह्वान अर्थात् प्रतिस्पर्धा नै नगराई ठेक्का लगाउनु भनेको घोटला गरिनु नै हो । बोलकबोलमा जसले कम खर्चमा निर्माण गर्छु भन्छ ठेक्का उसैलाई दिइने परिपाटी छ । तर खानेपानी मन्त्रालयका सचिव दिपेन्द्रनाथ शर्माले बडो चलाखीका साथ बिना प्रतिस्पर्धा ठेक्का दिने कारणहरू उल्लेख गर्दै मन्त्रिपरिषद्बाट निर्णय गराउन सफलता पाएका छन् ।

मेलम्ची खानेपानी आयोजना उपत्यकाबासीको सपना हो । दिवंगत कांग्रेसका सन्त नेता कृष्णप्रसाद भट्टराईले उपत्यकाबासीलाई पहिलो पटक मेलम्चीको पानीको सपना देखाएका थिए । मेलम्ची खानेपानी आयोजना सम्पन्न भए उपत्यकाबासी पानी संकटबाट मुक्त हुने अपेक्षा गरिएको छ । तर जो खानेपानी मन्त्री बन्छ उसको आर्थिक स्वार्थको सिकार हुने गरेको छ मेलम्ची । नीतिगत रूपमा राजनीतिक तहबाट हुने भ्रष्टाचारले मेलम्ची अहिलेसम्म थला परिरहेको छ । मेलम्चीको पानी काठमाडौं आउने समयको जनप्रतिक्षा लामो भइसकेको छ । गुठी विधेयक विरूद्ध जनता सडकमा उत्रिएझैं मेलम्चीका लागि फेरि जनता सडकमा आउनुपर्ने वातावरण सरकारले तयार नगरोस् । 'जनता नै वास्तविक फलामे किल्ला हुन्' माओको यो भनाइलाई कम्युनिस्ट भनिने सरकारले हेक्का राख्न जरूरी छ ।

मेलम्ची खानेपानी आयोजनाकै जस्तो हालत थुप्रै विकास आयोजनाहरू र राष्ट्रिय गौरवका आयोजना भनिएका आयोजनाहरूमा देखिएको छ । ठेकेदारले ठेक्का लिएर मोबिलाइजेसन बापतको पैसा हत्याएर काम नभएका आयोजना थुप्रै छन् । चर्चित पप्पु कन्स्ट्रक्सनले मुलुकभर दर्जनौं पुल बर्बाद पारेको छ । राजधानीकै तीनकुनेको पुल ढलान गर्ने बेलामा भत्काइएको छ । टेकुको पुल पनि गुणस्तरहीन तरिकाले निर्माण भएको भनिएको छ । प्रचण्डका चर्चित घरबेटी शारदा अधिकारी (शैलुङ कन्स्ट्रक्सन) ले पनि धेरै ठाउँ समयमा काम नसकी आयोजना अलपत्र पारेको छ । पहुँचवालाहरूलाई कारबाही गर्न अख्तियार पनि लग लग तिघ्रा कमाउँछ । मौका पर्दा अख्तियारका आयुक्त आफैं ठूलो भ्रष्टाचारी बन्न पछि नपर्ने आयुक्त पाठकले पुष्टि गरेका छन् । अब भ्रष्टाचार रोक्न नागरिक जाग्ने बेला भएको छ ।

## दृष्टिकोण

# संसदीय व्यवस्था मात्रै ? खै संसदीय नैतिकता ?



**सुरेन्द्र ढकाल**

संसदीय व्यवस्था भनेको संसदमा जसको बहुमत हुन्छ उसैले सरकार बनाइ आफ्नो घोषणापत्र लागू गर्ने प्रणाली हो । राजनीतिक दलहरुका यस्तै घोषणापत्रहरु पढेर बालिग जनताहरुले आफ्नो मतद्वारा राजनीतिक दलहरुलाई सरकार संचालन गर्ने वा विपक्षमा बसेर रचनात्मक विरोध गर्ने जिम्मेवारी दिएका हुन्छन् ।

सत्तारुढ दलले आफ्नो घोषणापत्र लागू गर्ने क्रममा संविधानदेखि लिएर भएका ऐन कानुन संसोधन गर्न सक्छ । संविधानसँग नबाझिने गरी नयाँ कानुन पनि बनाउन सक्छ । त्यस्ता कानुनहरु पहिले सरकारी विधेयकको रुपमा संसदमा प्रवेश गरी, संसदीय समितिहरुमा छलफल गराई अनुमोदनको लागि पेश गरिन्छ । यसरी पेश भएको विधेयक संसदबाट अनुमोदन होस भनेर सत्तारुढ दलले आफ्ना सांसदहरुलाई विधेयकको पक्षमा मतदान गर्न ह्वीप जारी गर्दछ । सो ह्वीपलाई नमानी सत्तारुढ दलका सांसदहरुले विपक्षमा मतदान गरी विधेयक फेल गराएमा सरकारले राजिनामा दिन पर्दछ । यसैलाई संसदीय नैतिकता भनिन्छ । विधेयकहरुको कारण संसदमा कुनै विवाद नआउनु तर जनताले त्यस्ता विधेयकलाई नरुचाएको खण्डमा उनीहरु आन्दोलित भई विधेयकको विपक्षमा आन्दोलित भई सडक तताउन सक्छन ।


जनताद्वारा गरिएको यस्तो संसद बाहिरबाट हुने विपक्ष संसदभित्र हुने विपक्ष जस्तै दबावपूर्ण हुन पनि सक्छ र नहुन पनि सक्छ। तर यदि दवावपूर्ण भएर सरकारले घुँडा टेकी विधेयक फिर्ता लिने अवस्था आएमा पनि सरकारले संसदीय नैतिकता देखाउँदै राजिनामा दिनुपर्छ । त्यस अवस्थामा संसदमा हुने जस्तोसुकै प्रचण्ड बहुमत पनि काम लाग्दैन ।

उदाहरण स्वरुप बेलायत युरोपेली आयोगबाट बाहिर निस्कनुपर्दछ भन्ने नारा त्यहाँको प्रधानमन्त्री टेरेसा मेको थियो जसको लागि उनले देशमा जनमत पनि गराइन। बेलायती जनमतले त्यसको पक्षमा मतदान गरे जसले बेलायतलाई युरोपेली आयोगबाट बाहिर निस्कने अनुमती दियो । तर त्यो बहिर्गमनलाई बेलायतको राष्ट्रिय स्वार्थको पक्षमा पार्ने गरी लागु गर्नुपर्थ्यो त्यो गर्न प्रधानमन्त्री मे असफल भइन जसको कारण संसदीय नैतिकतालाई आधार बनाउँदै उनले प्रधानमन्त्री पदबाट राजिनामा दिइन जबकी बेलायती संसदमा उनकै दलको बहुमत थियो । बेलायत संसदीय व्यवस्थाको जननी मानिन्छ त्यसैले त्यहाँ नैतिकताको पनि ख्याल गरिन्छ ।

नेपालमा पनि त्यस्तै घटना घट्यो तर नैतिकताको आधारमा प्रधानमन्त्री ओलीले राजिनामा दिनु परेन ? सरकारले गुठी प्राधिकरण विधेयक संसदको माथिल्लो सदन पेश गऱ्यो । यो यति विवादास्पद हुन पुग्यो कि यसले आन्दोलनको आँधिबेहरी ल्यायो जसको कारण सरकारले औपचारिक रुपमै विधेयक फिर्ता लियो तर त्यो सरकारको प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिएनन ।

सरकारमा स्थायित्व आओस् भनेर नेपालको संविधानले दुई वर्षको अवधिसम्म कुनै पनि प्रधानमन्त्री विरुद्ध संसदमा अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था गरेको छ तर यसको अर्थ प्रधानमन्त्रीले राजिनामा दिन नपाउने कदापि होइन । संविधानको अपव्याख्या गरी सरकारमा रहने छुट ओलीलाई कसले दियो ? के संसदीय व्यवस्था मान्छु तर संसदीय नैतिकता चाहिँ मान्दिन भन्न पाइन्छ ? यही नेपाल होइन जहाँको तत्कालिन संविधानमा व्यवस्था नै नभएको संसद पुनर्स्थापन जनदबाबको कारणले भएको होइन ? जनदबाबको अगाडि राजा ज्ञानेन्द्रले संसद पुनर्स्थापन गरेका होइनन ? एक तिहाई माओवादीलाई कुन संविधानको कुन धारा बमोजिम सोझै सांसद बनाइयो ? जनदबाबको कारणले होइन ? राजालाई चाहि नैतिकता देखाई जनदबाब खेपी गैरसंवैधानिक कार्य गर्न लगाउन हुने केपी ओलीलाई चाहि राजिनामा गर्न लगाउन नहुने ? संसदीय व्यवस्थामा संविधानभन्दा जनता ठूलो र संसदीय बहुमतभन्दा जनमत ठूलो हुन्छ भन्ने कुरा ख्याल राख्नु पर्दछ । कि त गुठी विधेयकलाई जनमतमा लानुपर्थ्यो होइन भने राजिनामा नदिइ खुस्स विधेयक फिर्ता लिन मिल्छ ? संसदीय व्यवस्था मान्ने तर संसदीय नैतिकता नमान्ने भएकै कारण विभिन्न देशहरुमा सेनाले सत्ता कब्जा गरेको उदाहरण पाइन्छ । जसरी पनि सत्तासँग टाँसिने ओलीको चाहनाले कतै नेपाललाई पनि त्यतै डोऱ्याउने त खोजेको होइन भन्ने प्रश्न अहिले जनमानसमा उठेको छ त्यसको पटापक्ष कसले गर्ने ?

# संघीयताको सकस



**जगदीश लामिछाने**
रौतहट, पौराई

नेपालमा १९ औं शताब्दीको अन्त्यतिर तत्कालीन राणाविरोधी आन्दोलनको अवस्थाकै सिलसिलामा १९९७ सालमा टंकप्रसाद आचार्यसहितको दल पक्राउमा परी ४ सहिदको हत्या गरी नेपालमा आतंक मच्चाउन खोज्ने प्रम जुद्धशमशेर पाल्पा अर्गलीमा बस्न गए । तिनै सहिद गंगालालका भाइ पुष्पलाल समेत भारततर्फ भाग्नु स्वाभाविकै हो । त्यहाँ भने भारतीय नेताहरुले आफू हुँदो नेपाली कांग्रेससहितका नेताहरु बनाउनु पनि स्वाभाविकै हो र दिल्ली रमण आदिले कांग्रेस पनि उतै गठन गरेकै हुन् । यिनै पुष्पलाल राजा महेन्द्रकै पुराना सहयोगी खगेन्द्रजंग गुरुङले देख्ने गरी राजा महेन्द्रको निधनको केही दिनअघि चितवन दियालो बंगलामा थिए भनी उनैले २०७३ मा एउटा दैनिक पत्रिकामै लेखे । भारतमै नेपालीहरुले ११० वर्ष अघिदेखि गोर्खाल्यान्ड पनि मागेकै हुन् । १९९२ इ.सं.मै देहरादुनबासी नेपाली माग अनुसार नेपाली भाषा भारतीय नोटहरुमा छाप्न पनि सफल भएकै देखिन्छ । यता २००७ वि.सं.पछि रक्षामन्त्री हुने बबरशमशेरसहित तत्कालीन प्रधानमन्त्री मोहनशमशेर आफ्नै स्वार्थ पूर्तिका लागि भारत प्रवास नै रोजेको समेत अवस्था छ ।

राजा त्रिभुवनले २००७ को अन्तरिम संविधानमै लेखे तापनि संविधान सभाबाट नेपालको संविधान लेख्ने कुरा विश्वेश्वरप्रसाद कोइरालाकै समेत उपस्थितिमा उनै राजा त्रिभुवनले पनि रोकैकै हुन् । यति लामो समयपछि माओवादीले नेपाली राजनीतिको मूल धारमा आउने बखत त्यही कुरा उठायो । सबै दलले समर्थन समेत गरी गठन भएको हो । त्यो संविधान नै नलेखी किन पहिलो पटक संविधानसभा नै टुंगियो त ?

त्यसपछि अर्को चुनाव गरी नेपाली कांग्रेसकै सुशील कोइरालाको प्रधानमन्त्रित्व कालमा २०७२ को विनाशकारी वैशाखे भूकम्पपछि सोही वर्ष असोज ३ गते सबै दललाई एकमत गराएर सो संविधान बनाए । तर छिमेकी भारतले संविधान रोक्ने आग्रह गर्दा नेपालले नमानेको र त्यसपछि हाम्रै तराई उठाई नाकाबन्दी नै नेपालविरुद्ध गराउँदा पनि दक्षिण छिमेकीको केही नलागेको सबैलाई थाहै छ । सो नाकाबन्दी नखोली भारत जान्न भन्ने नै अहिले पनि प्रधानमन्त्री केपी ओली नै छन् । बरु नेपाली कांग्रेसले नै नाकाबन्दीको समुचित विरोध गरेन ।

यसै प्रसंगमा २०१६ मा नेपाली कांग्रेसकै प्रधानमन्त्रित्व भएको बखत अरु थप १४००० तिब्बती खम्पा चीन विरोधी पनि नेपाल भित्रिए भन्ने पनि तत्कालीन राजा महेन्द्रका सहयोगी खगेन्द्रजंग गुरुङले २०७३ कै त्यही लेखमा प्रसंग देखिएकै छ । राजा महेन्द्रले चिनियाँ सेना नेपाल भित्रिन नदिएको र आफ्नो देशभित्रका खम्पा नेपाल चीन दुवैतिर विरोधी हुन नदिएको समेत प्रस्ट नै छ ।

अहिले नै पनि छिमेकी भारतीय सेना नेपालबाट फिर्ता गरेको कुरा यही कम्युनिस्ट वृत्तको दुवैतर्फको वर्ग प्रस्ट बोल्नै चाहँदैन । तेस्रोतर्फका कम्युनिस्ट यस्तै वर्गमाथि रिसाउनलान् कि भनी मुखमा पट्टी बाँधेर बसेको छ । यही मौकामा चौका पारी कर्मचारीका केही मान्छेले भ्रष्टाचार गरेका हुन् भन्ने समेत प्रस्ट नै छ ।

यस्तै बेलामा देशभरका मै हुँ भन्ने नेपाली कुनै पनि राजनीतिक दलका प्रजातन्त्रवादी समेतले यो खरेडी समाधान गर्न लागेको छैनन् । बरु रु.५ पर्ने नयाँ पत्रिकाको दैनिक पत्रिकाले आफ्नो खोजपत्रकारित ।मार्फत चुनिएका नेताहरुकै संघीयता दुरुपयोग अर्थात् भ्रष्टाचारकै समाचार बराबर पढ्नैपर्नु नै मुख्य रुपमा संघीयताको सकस नै हो । त्यो सकस यही सत्ताले बुद्धि पुऱ्याएर साप पनि मर्ने लठ्ठी पनि नभाँचिने गरी समाधान गर्नैपर्छ । यसरी समाधान सत्ताले गर्न सकेन भने संघीयता नै धरापमा पर्ला । होस् गरौं । यस्तो अवस्थालाई जातीय क्षेत्रीय जलप लगाएर अथवा स्वार्थको माखे सांग्लोभित्रै पसुँला भन्नेहरु देखी पनि सदैव चनाखो भएर बस्ने गरौं अनि मात्र कल्याण हुनेछ ।

# शिक्षकमा अनुकरणीय गुणको खडेरी

**■ गोविन्द विश्वकर्मा**

शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा बालबालिकाहरुसँग प्रत्यक्ष रुपमा विद्यालयमा सामुहिक छलफल कार्यक्रम थियो । छलफलका विषय तयार गरी भोलिपल्ट विद्यालयमा फोन गरेर निर्धारित समयमा नै विद्यालयमा हामी पुग्यौं । विद्यालय सुनसान जस्तै थियो । त्यत्तिकैमा एकजना व्यक्ति म प्रधानाध्यपक हुँ भन्दै हाम्रो अगाडि आए । उनी होसमा थिएनन् । तैपनि हामीले उहाँसँग कुरा अगाडि बढायौं । हामीले बालमैत्री शिक्षण सिकाइ, बालबालिकाहरुलाई सिकाइमा गरिने मोटिभेसन, विद्यालयको भौतिक अवस्था लगायतका विषयमा कुरा गर्न थाल्यौं तर हामीले उठाएका विषयको बारेमा छलफल गर्न प्रधानाध्यापकलाई निकै सकस भएको अनुभव हामीलाई भयो । विद्यार्थीहरु र अभिभावकहरुको गुनासो सुन्दा शिक्षकहरुप्रति र अध्यापनप्रति कोही सन्तुष्ट थिएनन् ।

अर्को एक विद्यालयमा त्यस्तै समस्या देखियो । विद्यालयमा प्रधानाध्यापकसँगको छलफल कार्यक्रम थियो । लैङगीक समानताको विषय थियो । यहाँका शिक्षकहरुलाई आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा पढाउनका लागि प्रेरित गरिरहेका छौं । एकजना शिक्षकले छोरालाई कमजोर भयो भनेर संस्थागत विद्यालयमा भर्ना गर्नु भएको रहेछ अनि छोरीलाई चाहीं आफू पढाउने विद्यालयमा पढाउनु हुँदो रहेछ । यस्ता शिक्षकबाट समाजले र अहिलेको पुस्ताले कस्तो अपेक्षा गर्ने ? बालबालिकाहरुको सिकाइ प्रगति लगायतका विषयमा बालबालिकाहरुसँग प्रत्यक्ष रुपमा भेटेर कुरा गर्ने र शिक्षक तथा प्रधानाध्यापकसँग पनि उनीहरुको सिकाइको अवस्था, विद्यालयमा नियमितताको सम्बन्धमा स्थलगत छलफल गर्ने कार्यक्रम थियो। छलफल गर्दै जाँदा अनुशासनका कुरा आए । विद्यार्थीले गुरुहरुलाई नटेर्ने र शिक्षकहरु विद्यालय प्रांगणमै धूमपान गर्ने जस्ता अनुशासनहीन काम गरेको पाइयो । शिक्षकमा नै नैतिकताको खडेरी लागेपछि विद्यार्थीले ग्रहण गर्ने शिक्षा कस्तो होला र शिक्षा ग्रहणपश्चात उनीहरुबाट कस्तो किसिमको ज्ञान बाहिर आउला अनि समाजको समृद्धिमा सहयोग गर्ला ।

यी माथि उल्लेख गरिएका घट्नाहरुलाई प्रतिनिधि घट्नाको रुपमा लिन सकिन्छ । विषेश गरी तल्ला कक्षाका बालबालिकाहरुलाई शिक्षकको व्यक्तित्व तथा व्यवहारको गहिरो प्रभाव परेको पाइन्छ । समाजमा भएका पुरातनवादी विचार परिवर्तनमा शिक्षकको ठूलो भूमिका रहन सक्छ । विभिन्न सामाजिक तथा व्यक्तिगत जोखिमताहरुबाट बालबालिकाहरुलाई सहज रुपमा जोगिने उपायहरु शिक्षकले सिकाउने अपेक्षा आम मानिसको रहेको हुन्छ । बालबालिकाले आदर्श व्यक्तिको रुपमा शिक्षकलाई लिने हुनाले उक्त आर्दशतालाई हरतरहले जोगाउने मूल कर्तव्यको रुपमा शिक्षकले लिन आवश्यक देखिन्छ। शिक्षकको भावना समाज तथा बालबालिकाको भावनासँग अन्तरघुलन भएको हुनाले हरेक विन्दुमा सजगता अपनाउनुपर्ने दायित्वलाई बिर्सन हुन्न। व्यवहारिक विचलनले गर्दा पेशागत चरित्रताको अवस्थालाई धारासायी बनाउन लागिएको हो कि ? भन्ने कुरा बुझ्न सकिन्छ । समाजको उपदेशक व्यख्याता तथा मार्गदर्शकको कित्तामा शिक्षकले आफूलाई उभ्याउन भुल्ने हो भने यो समाज, यो राष्ट्रले शिक्षकबाट के आशा गर्ने ? त्यसैले शिक्षक अनुकरणीय गुणको अथाह धनी हुनुपर्छ भन्ने मान्यता आम अभिभावकको रहेको पाइन्छ ।

समाज परिवर्तनको संवाहक तथा आम बालबालिकाहरुको भविष्यको सारथी भएर सधैं सबैलाई उज्यालोको मार्गमा लानुपर्छ भन्ने कुरा बुझेर पनि किन ? शिक्षकको गरिमालाई चुरोटको कुइरी मन्डल धुँवामा रुमाल्ने काम भइरहेको छ । च्यापुमा सुर्तीका डल्ला चेपेर विद्यार्थीका सामु असल बानीको महत्व फलाक्नुको कुनै अर्थ हुँदैन शिक्षकले । पिए पनि नपिए पनि वियरका बोतलको सामु बसेर फोटो खिच्ने अनि फेसबुकमा अपलोड गरी सेयर लाइकको काउन्ट गरेर दङग पर्नु शिक्षकको गरिमाले दिदैन ।

आम शिक्षकको एकएक व्यवहार कार्यकलापमा अन्य व्यक्तित्व तथा तमाम बालबालिकाका लागि सिकाइ झल्किनु आवश्यक छ। एकजना डाक्टरले गल्ती गरे भने ५०/१०० जना विरामीको मृत्यु होला तर एक जना शिक्षकले गल्ती गरे भने एउटा पुस्तालाई नै असर गर्छ । समाजले पनि शिक्षक पेशालाई मर्यादित पेशाको रुपमा स्वीकार गरेको छ। शिक्षकले गरेको व्यवहार तथा क्रियाकलापहरु बालबालिकाहरुका लागि जहिले पनि सिकाइ बनिरहेका हुन्छन । शिक्षकलाई अनुकरणीय तत्वको रुपमा आम मानिसको बुझाइ अडिएको पाइन्छ। तमाम बालबालिकाहरुको भविष्यको मार्ग कोर्नका लागि शिक्षकले आफूलाई समाहित गरेको कुरालाई नकार्न सकिन्न। भनिन्छ नि शिक्षक एउटा मैन बत्ती हो जसले आफू बलेर दुनियाँलाई उज्यालो दिन्छ । त्यसकारण शिक्षकले पेशागत आचरण तथा नैतिकतालाई भुलेको अवस्थामा बालबालिकाहरुको सिकाइमा विचलन पैदा हुने कुरा पक्का छ। आफना बाल बच्चाले ग्रहण गरेको शिक्षाको मन्थनबाट नै उजागर भएको ज्ञानले भोलिको समाज रुपान्तरणमा अहम भूमिका खेल्छ भन्ने आम अभिभावकको विश्वास नहोला भन्न सकिन्न। बालबालिकाहरुको भविष्यको मार्गमा आइपर्ने विविध जोखिमताहरुसँग जोगिने उपायहरु सिकेर समाजमा एउटा अब्बल नागरिकको हैसियत कायम गराउनका लागि सहज वातावरण निर्माणमा प्रभावकारी दायित्व वहन गर्ने भएको हुनाले नै आम अभिभावकले शिक्षकप्रति अथाह विश्वास गरी आफ्ना बालबालिकाहरुलाई सुम्पेका हुन्छन ।

यस प्रकारको अपेक्षालाई बेवास्ता गर्दै पेशागत आचरणको सवालमा हेल्चे क्रयाइ गर्नु के शिक्षकको धर्म भित्र पर्छ ? बालबालिकाहरुलाई अनुशासनका पाठ घोकाउने शिक्षकले के आफू चाहीं अनुशासनमा बस्नु पर्दैन र ? उपदेशका आदर्शमा रमाउनु र व्यवहारको धरातल बोध गर्ने कुरा अलिक फरक हुन जान्छ। आफूलाई व्यवहारिक धरातलमा नमूनको रुपमा पस्किन सकिन्न भने आदर्श भावका विचारको कुनै गुन्जायस हुँदैन। रुपान्तरण आफैबाट सुरु गर्न सकिएन भने अरुलाई परिवर्तन गर्छु भनेर हिड्नु बेकार जस्तै लाग्छ । तमाम समस्याहरुलाई सही तरिकाबाट बुझ्नका लागि सक्षमता प्रदान गर्ने शैक्षिक क्षेत्रको नेताको रुपमा चिनिने शिक्षक पेशाको गरिमालाई डगमगाउन नदिनका लागि पेशागत दायित्व वहन गर्ने दिशामा आम शिक्षक वर्ग लाग्न जरुरी छ।

# मैले देखेको १ सय तीनऔं विश्व सम्पदा:

# जर्मनीको हेल्गोलाण्ड

सुरेन्द्र ढकाल



हेल्गोलाण्डको बन्दरगाह



माथिबाट हेर्दा हेल्गोलाण्डका दुई टापुहरू



टापु चारैतिरबाट सेता बालुवाले घेरेको समुद्री किनार



हेल्गोलाण्डमा हुने पर्यटकहरूको घुइँचो र त्यहाँका होटलहरू




हेल्गोलाण्डमा त्यतिबेला मैले किनेको पोस्टकार्ड



टापुमा रहेको चट्टानको प्राकृतिक स्तम्भ

ब्रेमेनको क्याथेड्रल अवलोकन गरिसकेपछि मेलै त्यहाँ अवलोकन गर्ने कुराहरु प्राय: समाप्त भएको थियो। ब्रेमेन सिनेटमा मैले गर्नुपर्ने इन्टर्नको अवधि पनि छोटिँदै गएको थियो। सिनेटमा मलाई काम सिकाउने जिम्मा लिएका डिटर पपहोसुनसँग मैले अरु केही कुरा अवलोकन गर्न बाँकी छ कि भनेर सोध्दा ब्रेमेन नजिकैको उत्तरी सागरमा हेल्गोलाण्ड नामक जर्मन टापु रहेको र त्यो पर्यटकीय दृष्टिकोणबाट युरोप र विश्वप्रख्यात रहेको भन्ने थाहा पाएपछि म एक शनिबार बिहानै त्यतातिर लागें, ब्रेमेनको शहरबाट ब्रेमेरहाफन (ब्रेमेनको सामुद्रिक बन्दरगाह) हुँदै कुक्सहाफनसम्म रेलमा र त्यहाँबाट पानीजहाज चढेर सो टापु जानु पर्दो रहेछ। यो ब्रेमेनको शहरबाट १३७ किलोमिटर उत्तर पश्चिममा रहेछ। कुक्स हाफन पुग्दा बिहानको १२ बजेको थियो। त्यहाँबाट हरेक आधा/एक घण्टामा पानीजहाज हेल्गोलाण्डतर्फ लाग्दो रहेछ र क्रुजरमा भन्दा भीमकाय पानीजहाज चढेर जानु सस्तो पर्ने हुँदा मैले ठूलो पानीजहाजै रोजेँ र हेल्गोलाण्डतर्फ लागेँ। कुक्सहाफनबाट हेल्गोलाण्डसम्मको दूरी ६९ किलोमिटर मात्रै पर्दो रहेछ र २ घण्टा ३० मिनेटको पानीजहाज चढाइपछि हेल्गोलाण्ड पुगिँदो रहेछ।

**हेल्गोलाण्ड**

यो एउटा सानो द्विपुसमूह रहेछ जहाँ दुइवटा टापु रहेछन र दुवैलाई संयुक्त रुपमा हेल्गोलाण्ड भनिदो रहेछ। वर्तमानमा जर्मन गणतन्त्रको हिस्सा रहेको यो द्विपसमूह इतिहासको कुनै कालखण्डमा डेनमार्क र कुनैबेला बेलायतको अधिनमा गएको रहेछ। उत्तरी सागरको उत्तरपूर्वी कुनामा रहेको हेल्गोलाण्डको जनसंख्या हजारको हाराहारीमा रहेछ। धेरै पर्यटकहरु हामवर्गबाट कुक्सहाफन हुँदै हेल्गोलाण्ड जाँदा रहेछन। । यहाँको स्थानीय जातिहरु जर्मन भए तापनि उनीहरु आफूलाई फ्रिसियान भन्दा रहेछन र उनीहरुको आफ्नै भाषा पनि रहेछ जसनुरुप हेल्गोलाण्डको अर्थ पवित्र भूमि हुन आउँदो रहेछ। हेल्गोलाण्डको मुख्य टापु एक वर्गकिलोमिटर र सहायक टापु ७०० वर्ग मिटरमा फैलिएको र चारैतिरबाट बालुवाको सामुद्रिक किनारले घेरिएको रहेछ। मुख्य टापु पनि समुद्रसँग जोडिएको होचो भूमि र उच्च भूमि भनिने टार गरी दुई किसिमको धरातलमा विभाजित रहेछ। तल होचो भूमिमा नै सबैतिरबाट आउने पानीजहाज बिसाउने बन्दरगाह रहेछ। मुख्य टापुको अर्को आकर्षण भनेको यहाँ रहेका सुन्दर सामुद्रिक किनार (बीच) रहेछ। यहाँको सामुद्रिक किनार उत्तरबाट दक्षिणतर्फ लाग्दै जाँदा सामुद्रिक सतहबाट ५० देखि ५६ मिटरको उचाइमा रहेछ। यहाँको दर्शनीय प्राकृतिक संरचना भनेको एक ठूलो स्तम्भ जस्तो देखिने ४७ मिटर अग्लो Long Anna नामक चट्टानको स्तम्भ रहेछ। सन १७२० सम्म दुई टापुहरु एक अर्कासँग जोडिएर बसेका रहेछन तर त्यतिखेर आएको आँधिरुपी बाढीले टापुलाई टुक्राइ दुई भागमा विभाजन गरिदिएको रहेछ। हेल्गोलाण्डको सबैभन्दा अग्लो स्थान भनेको समुद्रि सतहबाट ६१ मिटरको उचाइमा रहेछ। यहाँको समुद्रिक सतहमा भेटाइएको मानव अवशेष र प्रयोग गरिएका वस्तुको आधारमा यहाँ प्रागऐतिहासिक कालमा नै मानव बसोवास भएको भेटिएको रहेछ र सन ६९७ तिर त यहाँ फ्रिसियानको राजवंश नै शुरु भएको रहेछ। सन १२३१ म यो टापु डेनमार्कको राजाको सम्पत्तीमा दर्ज हुन पुगेको रहेछ।

परम्परागत रुपमा यहाँको व्यवशाय भनेको माछा मार्नु, चराको शिकारी गर्नु आदि भए तापनि वर्तमान कालमा हावाले चल्ने पानीजहाज कुदाउने (Yachting and Surfing) व्यवशाय खुबै चलेको रहेछ र त्यसको लागि धेरै पर्यटकहरु गृष्म ऋतुमा त्यहाँ जाँदा रहेछन। सन १८०७ मा शुरु भएको नेपोलियनको युद्ध अभियानताका बेलायतीहरुले यो टापुलाई सैनिक जासुसी र चोरी ब्यापारी (Smuggling) गर्ने स्थलको रुपमा विकास गरेका रहेछन र त्यसैको लागि उनीहरुले कील सम्झौता अनुरुप यो टापु डेनमार्कबाट आफनो अधिनमा लिएका रहेछन्। पछि सन १८२६ तिर आएर हेल्गोलाण्डलाइ सामुद्रिक स्पा गर्ने स्थलको रुपमा विकाश गरिएको कारण युरोपकै धनाढ्यहरु स्पा गर्न यहाँ आउन थालेपछि यो पर्यटकीय स्थलको (Resort) को रुपमा विकसित हुन पुगेको रहेछ।


यस टापुको सुन्दरताको कारण जर्मनी तथा अष्ट्रियाका विभिन्न स्थलहरुबाट कवि साहित्यकारहरु यहाँ आई साहित्यिक रचनाहरु सिर्जना गर्ने गर्दा रहेछन्। सन १८४१ मा हाइनरिख होफमान भन्ने एक जर्मनले हेल्गोलाण्ड पुगी लेखेको कविताको एक अंश जर्मनीको राष्ट्रिय गानमा समावेश हुन पुग्नुले पनि यो द्विप समूहको महत्व झल्काउँछ भन्दा रहेछन जर्मनहरु। सन १८९० मा आएर बेलायतले यो टापु जर्मनीलाई फिर्ता गरेको रहेछ। त्यसपछि यहाँको विकाश नौसैनिक अखाडा र ब्यापारिक केन्द्रको रुपमा हुन पुगेको रहेछ। यस टापुमा अर्को महत्वपूर्ण कुरा भनेको युरोपका धेरै देशहरुबाट धेरै जातिका चराहरु आई केही समयका लागि बस्ने गर्दा रहेछन। यसैकारण चरा अवलोकनको लागि यो टापु विश्वप्रख्यात रहेछ। पछि सन १९१८ तिर हिटलरको उदयसाथ शुरु भएको नाजीकालमा यस टापुलाई पुन नौसैनिक अखाडा बनाइएको रहेछ।

दोस्रो विश्वयुद्ध कालमा हेल्गोलाण्डमा ३ डिसेम्बर १९३९ को दिन बन्दरगाहमा रहेका जर्मन जहाजीबेडामाथि बेलायती रोयल एअर फोर्सद्वारा बम आक्रमण भएको रहेछ तर ठूलो क्षति भने पुगेको रहेनछ। तर १८ र १९ अप्रिल १९४५ मा ब्रिटिस रोयल फोर्सका एक हजार वटा फाइटर प्लेनले हेल्गोलाण्डमा सात हजार बम खसालेका रहेछन्। जनता भूमिगत सुरक्षित स्थलमा रहेको कारण २८५ जान मात्रै मारिएका रहेछन। यही आक्रमणको कारण यो टापु मानव बस्तीका लागि अयोग्य भएको कारण त्यहाँबाट बस्ती उठाइएको रहेछ। युद्धपश्चात विस्तारै यो टापुलाई विश्व पर्यटनको आकर्षकस्थल बनाइएको रहेछ।

# १६. डा.के.आई.सिंह काण्ड

म एक वर्ष नख्खु जेलमा रहँदा जेलभित्र र जेलबाहिर गरी ४ वटा प्रिय अपिय घटनाहरु भए । जेलभित्र घटेको पहिलो अप्रिय घटना थियो केही दिनको ज्वरोले पाटन कुम्भेश्वर बस्ने हाम्रो पार्टीको एक सक्रिय एवं होनहार सदस्य हरिबहादुर खड्गीको देहावसान हुनु । हाम्रो अनुरोधमा जेलको डाक्टरले उनलाई बचाउन हरसम्भव प्रयास गरे तर उनको केही लागेन । विल्कुलै कलिलै उमेरमा उनले हामी सबैको अगाडि प्राण त्याग गरे । दोस्रो दुःखद घटना थियो- तीनजना हाम्रा सहराजनीतिक बन्दीहरु एकपछि अर्को गर्दै लगातार बहुलाउन थाले । सबभन्दा पहिले हाम्रो पार्टी हेडक्वार्टरमा कार्यकर्ता का.सानुबाजे लम्साल -काठमाडौं नेटपाचो बस्ने) अकस्मात म बसेको कोठामा आए । कामरेड एक चोटि बाँसुरी बजाउनोस् भनी भन्न थाले । मसँग दोहोरो कुरा समेत नगर्ने कामरेडले त्यसो भन्न आउँदा म छक्क परेँ । अरु दुई तीन जना कामरेडहरु पनि बसिरहेका थिए । तिनीहरु पनि छक्क परे । गोपालप्रसाद लम्साल (सानुबाजे कामरेड) दिनहुँ पार्टी हेडक्वार्टरमा मेरो निम्ति अखबारहरु नख्खु जेल पुऱ्याउने गर्थे । सायद त्यही कारणले कांग्रेसी सरकारले उनलाई गिरफ्तार गरी नख्खु जेलमा हालेको होला । त्यसपछि मुक्ति सेनाकै एकजना राई कामरेड बहुलाए । त्यसको केही दिनपछि फेरि नेपाली राष्ट्रिय कांग्रेस (रेग्मी) का काठमाडौं प्युखा बस्ने पन्त कामरेड बहुलाए । यसरी एकपछि अर्को गर्दै कामरेडहरु बहुलाउन थालेपछि हामीहरु पनि एक किसिमले डराउन थाल्यौं । नुहाउन थाल्दा हामीहरुलाई पनि कहीँ बढता साबुन त दलेनौं, अरु बेलाभन्दा बढी समय त ज्यु दलेनौं भन्ने जस्तो मानसिक असन्तुलन हुन थाल्यो । यी भए जेलभित्र घटेका घटनाहरु ।

जेलबाहिर घटेको पहिलो घटना थियो । पार्टीको राजनीतिक ब्युरोले का.पुष्पलाललाई का.मनमोहनको ब्रेन शोषण गरी काम गऱ्यो भन्ने आरोपमा महासचिव पदबाट हटाएर मनमोहन अधिकारीलाई त्यस पदमा आसिन गऱ्यो अर्थात् पार्टीको महासचिव बनायो । यो झूटा आरोप थियो र साथै झूटा प्रशंसा पनि । झूटा आरोप किनभने पुष्पलाललाई मनमोहन अधिकारीको ब्रेन शोषण गर्नेपर्ने आवश्यकता नै थिएन किनभने पुष्पलाल उनीभन्दा धेरै योग्य थिए । वास्तवमा पुष्पलालले मनमोहनको ब्रेन एक्सल्पाइट गरेकै थिएन । तर पनि यी दुवै व्यक्तिहरु कम बेबकुफ भने विल्कुलै थिएनन् । एकदमै बेबकुफ एवं गैरजिम्मेवार पनि थिए । अन्यथा पुष्पलालले मैले मनमोहन अधिकारीको ब्रेन शोषण गरेर काम गरेको हुँ भनी कदापि आत्मालोचना गर्ने थिएनन् र मनमोहन अधिकारीले पनि मैले पुष्पलाललाई मेरो ब्रेन शोषण गराइएको हुँ




■ शम्भुराम श्रेष्ठ

भनेर आत्मालोचना गर्ने थिएनन् । यसबाट यी दुवै जना बेबकुफ र गैरजिम्मेवार भएको राम्ररी सावित हुन्छ । यसैबाट एउटा अर्को के निष्कर्ष पनि निस्किन्छ भने पुष्पलाललाई महासचिवको पदबाट हटाउन पार्टीको संगठनात्मक सिद्धान्त तथा व्यावहारिक आवश्यकता नभई षड्यन्त्र थियो किनभने पार्टीको केन्द्रीय कमिटीले चुनेको व्यक्तिलाई पोलिटब्युरोले हटाउन पाउँदैन र हटाउन आवश्यक नै भए केन्द्रीय कमिटीको बैठक बोलाउनुपर्थ्यो तर केन्द्रीय कमिटीको बैठक नै नबोलाइकन पुष्पलाललाई महासचिवको पदबाट हटाइएकाले त्यो षड्यन्त्र नै ठहर्छ । जेलबाहिर घटेको अर्को घटना साह्रै नै महत्वपूर्ण घटना थियो । रौतहट जिल्लामा भएको किसान आन्दोलन जसलाई किसान क्रान्ति नै भने पनि अत्युक्ति हुँदैन । त्यो किसान आन्दोलन कम्युनिस्ट पार्टीको रौतहट जिल्ला कमिटी र अखिल नेपाल किसान संघको रौतहट जिल्ला काउन्सिलको नेतृत्वमा भएको थियो । पचासौं तीसौं हजार किसानहरु विशाल जुलुसको रुपमा आँधीबेहरी झैँ अघि बढ्दै गाउँका जाली फटाहा, सुदखोर र जमिनदारहरुको घर घरभित्र पसी तिनीहरुका ढुकुटीहरु फोड्दै किसानहरु विरुद्ध गरिएका जाली तमसुक तथा कागजातहरु सबै खोसेर लगी सार्वजनिक स्थानहरुमा आगो लगाई जलाउँदै फेरि अर्को गाउँतर्फ हुरीझैं बढेर जान्थ्यो । त्यस आन्दोलनको दौरानमा करोडौं रुपैयाँका जाली, तमसुकहरु च्यातेर जलाइदियो । रोतहटका क्रान्तिकारी किसानहरुले त्यति ठूलो धनराशिको जाली तमसुकहरु सुदखोर र जमिनदारहरुका ढुकुटी फोडेर कारबाही चलाउँदा पनि एक तोला सुन वा चाँदीका गहना लुटि लगेको केस वा घटना भएन । यसबाट क्रान्तिकारी किसानहरु कहाँसम्म इमानदार र पार्टी तथा किसान संघप्रति बफादार रहेछन् भन्ने कुरा प्रस्ट रुपले थाहा हुन्छ । रौतहट जिल्लामा किसान आन्दोलनको हुरी झन्डै डेढ हप्तासम्म चल्यो । तर काठमाडौंमा पार्टीको हेडक्वाटर चलाउन बसेका पार्टी महासचिव मनमोहन अधिकारी कोठा सिंगार्न राखिएको ढलौटको मूर्तिझैँ रौतहट किसान आन्दोलनदेखि बेसरोकार, बेखबर र अचल महासचिवको कुर्सिमा बसिरहेका थिए । आन्दोलन चर्किंदै गइरहेको थियो । क्रान्तिकारी किसानहरुले जिल्ला मालपोत कार्यालयको घुस्याहा प्रमुख अधिकृत सुब्बालाई पक्राउ गरी बाँस गाडेर तयार पारिएको फाँसीको तख्तामा झुण्ड्याउन लागेकै समयमा जालीफटाहा, सुदखोर तथा जमिनदारहरुको साथसाथै कांग्रेसी सरकार पनि काँप्न थाल्यो । ठीक त्यही बेला शाही सेनाका अधिकृतहरु दगुर्दै आएर किसान नेताहरु समक्ष तपाईंहरु ‘ आफैंले किन त्यो घुस्याहा सुब्बालाई मार्नुहुन्छ ? हामीले नै उसलाई उचित सजाय दिन्छौं । कृपया उसलाई हाम्रो जिम्मा लगाई दिनोस’ भनी बिन्ती गर्न थाले । आखिर सिधासाधा नेताहरुले तिनीहरुको चिप्लो कुरामा विश्वास गरिहाले र त्यो घुस्याहा सुब्बालाई तिनीहरुको जिम्मा लगाइदिए । तर त्यसको भोलिपल्टै रौतहट जिल्ला भरिका किसान नेता तथा कार्यकर्ताहरुमाथि अत्यन्तै क्रुरतापूर्ण रुपले अन्धाधुन्ध दमन तिनै सैनिक अधिकृतहरुले चलाए । त्यो दमन कहाँसम्म क्रुर एवं पाशविक थियो भन्ने कुरा पछि जेलबाट छुटेर म रौतहटमा निरीक्षण गर्न जाँदा थाहा भयो ।

हामीहरु नख्खु जेलमा भएको समयमा सुरक्षा ऐनअन्तर्गत पक्राउ परेका राजनीतिक नेता तथा कार्यकर्ताहरुलाई बढीसे बढी एक वर्षसम्म मात्र थुन्न पाइन्थ्यो । त्यस अनुसार हामीहरु दुई महिनापछि जेलबाट छुट्नेवाला थियौं । ठीक त्यसै समयमा हामीहरुबाट एउटा ठूलो मूर्खतापूर्ण कार्य हुन गयो । त्यो के थियो भने हामीहरुले नख्खु जेलको पर्खालबाट सजिलै मान्छे छिर्न सक्ने गरी एउटा ठूलै प्वाल पाऱ्यौं । झारपातले छोपिराख्यौं । त्यसको भोलिपल्टै जेलका सशस्त्र सुरक्षाकर्मीहरुले त्यो प्वाल पारिराखेको देखेछन् । त्यस समय हामीहरु मात्रै जेलमा भएको र हामीहरुबाहेक फौजदारी मुद्दामा थुनिएका कुनै बन्दीहरु नभएको हुनाले, जेलको पर्खालमा प्वाल पार्ने काम हामीहरुकै भएको त्यसै थाहा हुन्थ्यो । तर पनि जेलर र सुरक्षाकर्मीहरुले हामीहरुको नाम नलिइकन हामीहरुलाई नै लक्ष्य गरेर अपशब्दहरु प्रयोग गरे तर केही कारबाही गरेनन् । साँच्चै भन्ने हो भने हामीहरुले भाग्नकै लागि जेलको पर्खालमा त्यो प्वाल पारेकै थिएनौं, भाग्नकै लागि त्यो प्वाल पारेको भए दिउँसै पनि हामीहरु भाग्न सक्थ्यौं तर भागेनौं किनभने दुई महिनापछि त हामीहरु छुट्ने नै थियौं ।

यसरी हामीहरुको रिहाइको दिन नजिकिँदै आएकाले हामीहरुमा मुक्ति सेनाका ६० जना जवानहरुको रिहाइबारे चिन्ता लाग्न थाल्यो । अनि हामीहरुले ती कामरेडहरुलाई छिटोभन्दा छिटो जेलबाट रिहा गराउने अठोट गऱ्यौं र आपसमा छलफल गरी एउटा संघर्षको योजना तयार गऱ्यौ । बिनाकुनै कसुर दुई वर्षदेखि यातना दिई सिंहदरबारभित्रको ब्यारेकमा र हाल नख्खु जेलमा थुनिराखिएको हुनाले तत्काल नै रिहा गरिनुपर्छ र नगरिएमा रासन हडताल गर्न बाध्य हुनेछौं भनी गृहमन्त्रीलाई नख्खु जेलको जेलर कार्यालयमार्फत ५ दिनको अल्टिमेटम दिने निर्णय गरी सो बमोजिम अल्टिमेटम गृह मन्त्रालयमा पठाइयो । अल्टिमेटम सकिने दिन ११ बजेतिरै तत्कालीन प्रहरी आईजीपी राणा (पहिलेको राणा कमान्डर इन चिफ रुद्रशमशेर जबजराको छोरा जसको नाम अहिले सम्झना भएन) दलबलसहित जेलभित्र आइपुग्यो । हामीहरु सबै जेलको मूल गेटभित्रकै फराकिलो ठाउँमा उभिइरहेका थियौं । उनले मुक्ति सेनाका जवानहरुलाई सम्बोधन गर्दै गृहमन्त्रीको नाउँमा पठाएको ५ दिने अल्टिमेटम वापस लिन अर्डर दिएजस्तै गरी भने । मुक्ति सेनाका जवानहरुले विनम्रतापूर्वक भने- ‘के गृहमन्त्रीज्यूले हाम्रो माग स्वीकार गर्नुभयो ?’ आईजीपीले नकारात्मक जवाफ दिँदै धम्कीको स्वरमा ‘मैले भनेपछि मान्नुपर्छ अल्टिमेटम वापस लेओ ।’ मुक्ति सेनाका जवानहरुले पनि खरो दह्रो स्वरमा ‘त्यतिकै वापस लिनलाई अल्टिमेटम दिएका हैनौं’ भनी जवाफ दिए । तपाईंहरुले अल्टिमेटम नफर्काउने भए तपाईंहरुलाई जेल सार्नुपर्ने हुन्छ भनी अलि चर्कोर आईजीपीले भने । उनले ती कुरा के बोलेका थिए हामीहरु सबैले एकै स्वरले त्यसो भए तपाईंलाई जेलको गेटबाहिर हामीले निस्कन दिँदैनौं, तपाईंले पनि हामीहरुसँगै थुनिएरै बस्नुपर्छ ।’ भन्दै जवाफ दियौं । उनी एक किसिमले तर्सिए- उनको मुखाकृतिबाट जाहेर हुन्थ्यो । अनि हामीहरुले ‘यस्तो तानाशाही चल्दैन ।’ यस्तो तानाशाही मान्दैनौं ।’ भन्ने नाराहरु लगाउन थाल्यौं । मुक्ति सेनाका जवानहरुको रिहाइ निम्तिको संघर्षमा नख्खु जेलका सुरक्षाकर्मीहरुको राम्रो सहानुभूति थियो । प्रहरी आईजीपीलाई ५ घन्टासम्म हामीहरुले जेलको गेटबाहिर निस्कन दिएनौं, एक किसिमले थुनेरै राख्यौं । साँझपख गृहमन्त्री महावीरशमशेर जबराबाट चाँडै नै रिहा गरिदिने आश्वासन आएपछि मात्रै हामीहरुले प्रहरी आईजीपीलाई जेल बाहिर निस्कन दियौं । हामीहरु जेलबाट छुटेपछि म यही मागलाई लिएर गृहमन्त्री महावीरशमशेर जवरालाई गृह मन्त्रालयमा भेट्न गएँ । उहाँसित राम्रो कुराकानी भयो । उहाँले मलाई मुक्ति सेनाका जवानहरुलाई एक हप्तापछि छोडिदिने वचन दिनुभयो र छाडिदिनु पनि भयो ।

# कवितामा रोपाइँ




काठमाडौं । आरम्भले रोपाइँ विशेष साहित्यिक कार्यक्रमको आयोजना गऱ्यो । दायित्व वाङमय प्रतिष्ठानका अध्यक्ष तथा दायित्व मासिकका प्रधान सम्पादक रामप्रसाद पन्तको प्रमुख आतिथ्यमा रहेको उक्त कार्यक्रममा दुई दर्जनभन्दा बढी सर्जकहरुले आफ्ना रचना वाचन गरेका थिए । प्रेम ओली ढकलपुरेको अध्यक्षतामा भएको सो कार्यक्रममा शब्द संयोजनकी कार्यकारी सम्पादक सुमी लोहनी, विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाइँ, शिव योग नेपालका अध्यक्ष गुगली रावत, संचारकर्मी राजन न्यौपानेहरुको आतिथ्यता रहेको थियो । यस्तै रुद्र अधिकारी, पुन्यप्रसाद आचार्य, भुवन शिवाकोटी, निर्मल पराजुली, रविन्द्र आशिश शैली, कृष्णराज अर्याल, लक्ष्मी पोखरेल, ऋचा, गोपाल नेपाल, केशवराज पन्त, लव खड्का, सानु शर्मा, चक्र दवाडी, टेकबहादुर कोइराला, लक्ष्मी बस्नेत, केरा अर्याल, प्रभाकर पाण्डे, उर्मिला पन्त, मुरलीधर घिमिरे, दिपा दाहाल, दामोदर नेपाल, प्रेम राई परिष्कृत, राजबाबु श्रेष्ठ सागर लगायतले गीत, गजल र कविता वाचन गरेका थिए भने विमला दाहालले कार्यक्रम प्रतुत गरेकी थिइन् ।

## स्वास्थ्य: सागहरूको राजा



सागहरुका प्रजातीमध्ये एक हो फर्सीको मुन्टा । फर्सी पनि खानु हाम्रो स्वास्थ्यको लागि निकै नै लाभकारी हो । तर, फर्सीको पात वा मुन्टा खानाले हामी विभिन्न रोगबाट जोगिन सक्छौँ । फर्सीको पातको साग वा फर्सीको मुन्टा खानुको फाइदाबारे सबैलाई थाहा नहुन सक्छ । त्यसैले आज हामी तपाईंलाई फर्सीको पातको साग खानुको फाइदाबारे जानकारी दिन चाहन्छौं ।

फर्सीको साग विभिन्न पौष्टिक तत्वले भरिएको हुन्छ । फर्सीको साग भिटामिन ई, सी, ए, बी ६, पोटासियम, फोलिक एसिड, क्याल्सियम, कपर, प्रोटिन, म्याग्नेशियम, आइरन, फाइबर, फस्फोरस जस्ता खनिज पदार्थको राम्रो स्रोत हो । हामीलाई स्वस्थ रहनका लागि शरीरमा यी सबै तत्वको आवश्यकता पर्दछ ।

युएसडीए नेशनल न्युट्रिएन्टको अध्ययन अनुसार फर्सीको पातमा यति धेरै गुणहरु छन् जसले खतरनाक रोगबाट जोगिन मद्दत गर्छ । फर्सीको पातलाई आफ्नो नियमित भोजनमा समावेश गरेर उच्च रक्तचाप, कोलेस्ट्रोल, क्यान्सर जस्ता खतरनाक रोगबाट सुरक्षित रहन सकिन्छ ।

**फर्सीको पातका फाइदा**

**बढ्दो उमेरलाई छेक्न**

फर्सीको पातमा पाइने एन्टी-अक्सीडेन्टले बढ्दै गरेको उमेरलाई छेक्दै जवान देखाउनमा सहयोगी हुन्छ । यसले सधैं जवान बनाउन मद्दत गर्छ ।

**कोलेस्ट्रोललाई नियन्त्रण गर्न**

अहिलेको समयमा उच्च कोलेस्ट्रोलको समस्याले प्रायः जसो सबै पीडित छन् । तर, कोलेस्ट्रोलको समस्याबाट राहत पाउनका लागि फर्सीको पात भने निकै नै उपयोगी हुन्छ । फर्सीको पातमा पाइने फाइबरले कोलेस्ट्रोललाई नियन्त्रण गर्नुका साथै मुटुलाई पनि स्वस्थ राख्नमा मद्दत गर्छ ।

**आँखा स्वास्थ्यको लागि लाभकारी**

फर्सीको पातमा भिटामिन ए प्रसस्त मात्रामा पाइन्छ । जुन हाम्रो आँखाको लागि राम्रो हो । साथै आँखा कमजोर हुँदा फर्सीको पातको साग खानाले आँखाको रोशनी बढाउनमा मद्दत गर्छ ।

**प्रजनन क्षमतामा वृद्धि**

तपाईंको विहे भइसकेको छ तर, अहिले सम्म आमा वा बुबा बन्ने सौभाग्य पाउनु भएको छैन भने फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ । किनकी फर्सीको पातको सागले नष्ट भएको टेस्टीकुलर र स्पर्म बन्ने प्रक्रियालाई मद्दत पुर्याउँछ । जसको मद्दतले तपाईंको प्रजनन क्षमतामा वृद्धि हुन्छ ।

**छालाको लागि फाइदाजनक**

फर्सीको पातमा पर्याप्त मात्रामा भिटामीन सी पाइन्छ । जुन तपाईंको छालाको लागि फाइदाजनक हुन्छ । भिटामीन सी ले छालामा भएको मृत तन्तुलाई निकाल्नमा मद्दत गर्नुका साथै छालालाई स्वस्थ बनाइ राख्छ ।

**मधुमेहलाई गर्छ नियन्त्रण**

मधुमेह रोग अहिलेको समयमा सुन्नमा सामान्य भएतापनि खतरनाक रोग हो । मधुमेह रोगबाट राहत पाउनका लागि फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ । फर्सीको पातको सागमा हाइपोग्लिसिएमिक नामक तत्व हुन्छ जसले तपाईंको ग्लुकोजको मात्रालाई कम गर्नमा मद्दत गर्छ ।

**क्यान्सरबाट जोगाउन**

फाइबर एक यस्तो तत्व हो जसको सेवनले तपाईंलाई अनेक फाइदा हुन्छ । फर्सीको पातमा पाइने फाइबरले तपाईंको शरीरमा भएको क्यान्सर कोषीकाहरुलाई रोक्नमा मद्दत पुर्याउँछ ।


**पाचन प्रणालीलाई स्वस्थ राख्छ**

फर्सीको पातमा पाइने पोटासियमले तपाईंको पाचन प्रणालीलाई स्वस्थ राख्नमा मद्दत गर्छ । साथै फर्सीको पातको सेवनले तपाईंको उच्च रक्तचापलाई पनि नियन्त्रणमा राख्छ ।

# जर्मनी : चम्किलो देशमा रन्किलो स्वभाव-७

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





प्रजातान्त्रिक गणतन्त्र जर्मनी त ‘दिन दुगुना रात चौगुना’ तानाशाही निरङ्कुश बन्दै जान थालेछ । शेक्सपियरको ‘मैकबेथ’ जस्तै प्रबल महत्वाकाङ्क्षी हिटलरले जर्मनीमा लगालग विरोधीहरू सबैलाई एकातिर थन्क्याइदिए, मानवअधिकारलाई हुत्याइदिए र तानाशाही राज्य खडा गरिदिए । यसका अतिरिक्त सम्पूर्ण युरोपलाई पराजित गरी चक्रवर्ती कहलाउन अघि बढे ।

सन् १९३९ मा पोल्याण्ड, अस्ट्रिया र चेकोस्लोभाकियालाई आफ्नो अधीनमा पारेपछि हिटलर पूर्ण रूपले दोस्रो विश्वयुद्धको कारक बने । तीन वर्षसम्म उनले ठाउँठाउँमा आक्रमण गरी विजयको कीलो गाड्दै गए । उनले आफ्नो इच्छाको केही मात्र नियन्त्रण गरेको भए पनि संसारमा उनको स्थान अर्कै हुने थियो । तर आफ्नो जिद्दी नछोडी बहुलाझैँ बनी नरसंहारमा संलग्न भए । अचाक्ली भएपछि युरोपेली ठूला शक्तिराष्ट्रहरू सबै एक भई जर्मनीको विरुद्ध जुरमुराएर उठे । जे हुनु थियो आखिर भइहाल्यो । जर्मनी ध्वस्त भएपछि सन् १९४५ को मे महिनामा विश्वयुद्ध थामियो । सिकारीले मरेको मृगलाई भाग लगाई बाँडेर लिएझैँ रुस, अमेरिका, फ्रान्स र ग्रेट ब्रिटेनले ध्वस्त जर्मनीलाई चार टुक्रा पारी एक-एक टुक्रा आफ्नो कब्जा जमाए ।

जर्मनीको यो दयनीय अस्तित्वविहीनजस्तो अवस्था भएको आज पैँतालीस-छयालीस वर्ष भएको छ, तर यो छोटो चार दशकको अवधि पनि त्यो देशका लागि ठूलो महत्वपूर्ण साबित भयो । आखिर जर्मनीको पुनरुत्थान भइछाडयो । साम्यवादी रुस वा प्रजातन्त्रवादी फ्रान्स, अमेरिका र ग्रेट ब्रिटेनबीच सम्झौता हुन नसक्दा रुसले आफ्नो भागमाथिको कब्जा छोड्न मानेन । फलतः सुरुमा चार भागमा विभक्त जर्मनी दुई भागमा परिणत भयो । टुक्राटुक्रा पारेर राख्दा ‘ धोबीका कुत्ता घरका न घाटका’ होला भन्ने आशङ्काले प्रजातान्त्रिक देशहरूले कब्जा गरी राखिएका तीन फ्याक भएको जर्मनीलाई संयुक्त गरी सन् १९४९ को मे महिनाको २३ तारिखका दिन संघीय गणतन्त्र जर्मनीको स्थापना गरियो । अनि रुसले पनि आफ्नो कब्जामा रहेको क्षेत्रलाई प्रजातान्त्रिक गणतन्त्र जर्मनी घोषित गऱ्यो । हाल यी दुवै संघीय गणतन्त्र जर्मनी र प्रजातान्त्रिक गणतन्त्र जर्मनीको एकीकण भई पहिलेजस्तै एउटै जर्मनी भइसकेको छ । यसरी युरोपको मुटुमा अवस्थित यो देशको इतिहास उतारचढावले परिपूर्ण रहेछ । दुई-दुई चोटिको विश्वयुद्धमा मार खाएको जर्मनीका जर्मनहरू अझै पनि तन्दुरुस्त छन्, बलिया छन्, साहसिला अनि कठोर हृदयी पनि छन् । कार्ल मार्क्सलाई जन्माउने, गोथेलाई हुर्काउने त्यस्तै मार्टिन लुथर तथा बिसमार्कजस्ता लौहपुरुषलाई पैदा गर्ने देश जर्मनी नै हो । फेरि अल्बर्ट आइन्स्टाइन, कान्ट, हेगेल, म्याक्स, प्लान्क आदि पनि यहीँ जन्मेका थिए ।

साँच्चै जर्मनीको इतिहास रोमाञ्चकारी छ, यसको संस्कृति गौरवपूर्ण तथा आधुनिक सभ्यता प्रभावकारी छ भन्नुमा अतिशयोक्ति नहोला । ठाउँठाउँमा विविधता देखाउने यो देशमा कतै बहादुर राजारजौटाहरूको इतिहास छ भने कतै राष्ट्रभक्त सिपाही तथा प्रसिद्ध पुरुषहरूको सम्झनाचिह्न भेटिन्छ । त्यस्तै कतै द्वितीय विश्वयुद्धमा ध्वस्त भएका भवन तथा चर्चहरूको हृदयविदारक गति उदाङ्गिएको देखिन्छ । तर अतीतका घटनाहरूमा मात्र साँघुरिएर बस्न यस देशलाई कहाँ फुर्सद छ र ! ठाउँठाउँमा घुमेर हेर्दा साँच्चै आधुनिक प्रतिस्पर्धाको युगमा यो देश टसमस भई अमेरिका, ब्रिटेन, फ्रान्सजस्ता विकसित मुलुकहरूसँग राम्रो प्रतियोगितात्मक खेल खेलिरहेछ ।

**प्रत्येक ठाउँ प्रत्येक प्रतिनिधि**

तालिमअवधिमा जर्मनीका सानाठूला विभिन्न सहर र गाउँहरूमा बस्दा त्यसका सामाजिक वातावरण पनि केही थाहा पाउने तथा देख्ने सुअवसर पाएको थिएँ । अन्य देशको जस्तो जर्मनीको कुनै पनि एक-दुईओटा मुख्य ठाउँ वा सहरले त्यस देशको प्रतिनिधित्व गर्दैन । त्यस देशमा विभिन्न ठाउँले विभिन्न विशेषता प्रस्तुत गरेका छन् । *(क्रमशः)*

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# आप्रवासीप्रति अनुदार बन्दै ट्रम्प प्रशासन



विष्णु भट्टराई

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आप्रवासीप्रति कठोर नीति अपनाएका छन् । उनले निर्वाचनताका मेक्सिकोको सिमामा आप्रबासी रोक्न पर्खाल लगाउने घोषणा गरेका थिए । ट्रम्प त्यस्ता व्यक्ति हुन् जो बोल्छन् र बोलेको गरेरै छोडछन् । उनले मेक्सिकोको सिमामा पर्खाल लगाउन आदेश दिए । यद्यपि मेक्सिको भएर अमेरिका प्रवेश गर्ने आप्रवासीहरुले प्रवेशको रुप बदल्दै अमेरिका छिरिरहेकै छन् । आप्रबासीहरु विभिन्न कारणले अमेरिकी भूमिमा प्रवेश गर्ने गर्छन् । त्यसो त अमेरिकालाई सपनाको देश पनि भनिन्छ । राम्रो कमाइ हुने भएकाले अमेरिका विश्वकै आकर्षणको केन्द्र बनेको छ । अहिलेसम्म आर्थिक रुपले साथै सामरिक रुपले अमेरिकालाई कसैले जितेको छैन । त्यसैले त ट्रम्पले भन्ने गरेका छन्- अमेरिका फस्ट ।

वर्तमान विश्वमा आतंकवादलाई सबैभन्दा ठूलो चुनौतीका रूपमा व्याख्या गर्ने गरिएको छ । पछिल्ला दुई दशकमा विश्वमा आतंकवादविरोधी लडाइँमा अथाह शक्ति, स्रोत र सम्पत्तिको प्रयोग भएको छ । यद्यपि आतंकवाद नियन्त्रणको सट्टा भुसमा आगोजस्तो फैलिँदै गएको छ । जसका कारण विश्वमा २१औं शताब्दीको पुस्ता अनिश्चित भविष्य, शिक्षा, स्वास्थ्य र रोजगारीको अन्योलता र संकटबीच जीवन गुजार्न बाध्य छ ।

आतंकवादपछि सबैभन्दा ठूलो समस्या आप्रवासी/शरणार्थी समस्या बनेको छ । तर, यो समस्या समाधानका लागि बेलैमा पहल नगर्ने हो भने आगामी दिनमा विश्वका लागि सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिने प्रस्ट छ । सन् २००० देखि विश्वव्यापी रूपमा शरणार्थी/आप्रवासी समस्या तीव्र बन्दै गएको हो । यो दशकका पछिल्ला नौ वर्ष विश्वमा उथलपुथलकारी वर्षका रूपमा रहे । यसले संसारमा नै आप्रवासी/शरणार्थी संकटलाई चरमचुलीमा पुऱ्याएको छ ।

मध्यपूर्वको संकट, अरब वसन्त र त्यसबाट सिर्जित आतंकवाद, अफ्रिकी देशको जातीय र धार्मिक हिंसा, अफगानिस्तानमा चलिरहेको तालिबान आतंकवाद, ल्याटिन तथा मध्य अमेरिकी देशमा रहेको अनिश्चितता आदिका कारण विश्वव्यापी रूपमा संकटको अवस्था सिर्जना भएको छ । त्यसको पछिल्लो अभिव्यक्ति अमेरिका-मेक्सिको सीमामा रहेको आप्रवासी समस्यालाई लिन सकिन्छ ।

विश्वव्यापी रूपमा वर्तमान अवस्थालाई हेर्ने हो भने संयुक्त राष्ट्रसंघीय शरणार्थी आयोगका अनुसार सन् २०१८ को अन्त्यसम्ममा ७०.८ मिलियन मानिस उत्पीडन, द्वन्द्व, हिंसा तथा मानवअधिकार उल्लंघनजस्ता घटनाका कारण शरणार्थीका रूपमा रहन बाध्य छन् । यो अघिल्लो वर्षको तुलनामा २.३ मिलियनले बढोत्तरी हो । यसबाट के बुझिन्छ भने विश्वव्यापी रूपमा बलपूर्वक मानिसलाई शरणार्थी र आप्रवासीका रूपमा रहन बाध्य पारिने घटनामा पनि वृद्धि भएको छ । सन् २०१८ को अन्त्यसम्मको तथ्यांकअनुसार २५.९ मिलियन शरणार्थी रहेका छन् ।

यस्तै, ४१.३ मिलियन आन्तरिक रूपमा विस्थापित बनेर कष्टपूर्ण जीवन बिताइरहेका छन् भने ३.५ मिलियन मानिस देशमा भइरहेका राजनीतिक हिंसाका कारण शरणार्थीका रूपमा अन्य देशमा गएर बसिरहेका छन् । यस्तै, विस्थापनको समस्या पनि उत्तिकै चर्को छ ।

विश्वमा अहिले हरेक २ सेकेन्ड अर्थात् हामीले एउटा छोटो वाक्य पढ्नमा लाग्नेभन्दा कम समयमा मानिस विस्थापनमा पर्छ । ३० मा एक जना मानिस विस्थापित भइरहेको छ । यसको अर्थ विश्वमा हरेक १ मिनेटमा ३० जना मानिस विस्थापित हुन्छन् । हरेक १०८ जनामध्ये एक जना विश्वमा या त शरणार्थी बनेको छ या त आन्तरिक रूपमा विस्थापित बनेको अवस्था छ ।

सन् २०१३ यता मात्रै मध्य अफ्रिकी गणतन्त्रबाट महिला, बालबालिकासहित १० लाखभन्दा बढी मानिस पलायन भएर छिमेकी क्यामरुन, प्रजातान्त्रिक गणतन्त्र कंगो, चाड र कंगो पुगेका छन् । पछिल्लो समयमा मध्यअमेरिकी राष्ट्र एल साल्भाडोर, ग्वाटेमाला, होन्डुरसजस्ता देशबाट पनि ठूलो संख्यामा मानिस मेक्सिको हुँदै अमेरिकातर्फ लागेका छन् । त्यस क्षेत्रमा इतिहासकै सबैभन्दा ठूलो आप्रवासी संकट उत्पन्न भएको छ । पछिल्ला पाँच वर्षमा मध्य अमेरिकी देशबाट आप्रवासीका रूपमा मेक्सिको, अमेरिकासहितका देशमा जानेहरूको संख्या १० गुणाले बढेको छ । यसरी जानेमध्ये ९० प्रतिशत मेक्सिकोमा पुगेका छन् ।

युरोपमा पनि शरणार्थी र आप्रवासी समस्या भयंकर छ । सिरिया, इराक, यमनसहितका देशमा जारी हिंसाका कारण लाखौं मानिसहरू शरणार्थी/आप्रवासीका रूपमा युरोप छिरेका छन् । सन् २०१५ मात्रै यस क्षेत्रबाट ग्रिस, इटाली, स्पेन हुँदै १४ लाख मानिस युरोप आइपुगेका छन् । सन् २०१४ मा इस्लामिक स्टेट (आईएस) को आतंकवादी गतिविधि र त्यसलाई नियन्त्रणका लागि इराकी र अमेरिकी सेनाले गरेको कारबाहीका क्रममा मात्रै इराकमा ३० लाख विस्थापित भएका थिए । इराकका २ लाख ४० हजार शरणार्थी टर्की, लेबनान, जोर्डन, जर्मनीलगायतका देशमा रहेका छन् । दक्षिण सुडान, सिरिया, म्यानमार, युक्रेन, यमन आदि देशबाट पनि ठूलो संख्यामा शरणार्थी तथा आप्रवासीका रूपमा विभिन्न देशमा मानिस विस्थापित भएका छन् ।





दक्षिण सुडानमा मात्रै सन् २०१३ देखि ३.३ मिलियनले घर गुमाएका छन् । त्यसमध्ये १.९ मिलियन देशभित्रै विस्थापित छन् भने अन्य २.२ मिलियन विभिन्न देशमा शरणार्थीका रूपमा बसेका छन् । सबैभन्दा बढी सुडानी शरणार्थी युगान्डामा रहेका छन् । जहाँ १ मिलियनभन्दा बढी सुडानी छन् । सिरियामा निरन्तर ठूलो संख्यामा मानिस विस्थापित भएका छन् । सन् २०१८ को अन्त्यसम्ममा १३ मिलियन मानिस विस्थापित भइसकेका छन् । यो सिरियाको सम्पूर्ण जनसंख्याको आधा हो ।

करिब ५ मिलियन सुरक्षित स्थानको खोजीका लेबनान, टर्की, जोर्डनतर्फ गएर बसिरहेका छन् र यसरी बसेकामध्ये ७० प्रतिशतको अवस्था दयनीय छ । जोर्डनमा ६ लाख ६६ हजार सिरियाली शरणार्थी रहेका छन् । जसमध्ये ९३ प्रतिशत गरिबीको रेखामुनि छन् ।

सन् २०१७ को अगस्टबाट सुरु भएको हिंसाका कारण सन् २०१८ को अप्रिलसम्ममा ६ लाख ७१ हजार म्यानमारको राखिने राज्यबाट रोहिंग्या मुस्लिम समुदायका मानिस बंगलादेशमा विस्थापित भएर शिविरमा कष्टकर जीवन बिताइरहेका छन् । रोहिंग्या मुस्लिम शरणार्थी विश्वमै सबैभन्दा तीव्र गतिमा शरणार्थी बनेको समुदाय हो । साढे दुई वर्षभन्दा लामो समयदेखि चलेको हिंसाका कारण युक्रेनबाट १० लाख विस्थापित बनेका छन् ३ लाख अन्य मुलुकमा शरणार्थीका रूपमा बसिरहेका छन् । मध्यपूर्वमा चरम द्वन्द्वको सिकार बनेको यमनमा करिब २० मिलियन जनतालाई तत्काल मानवीय सहायताको आवश्यकता छ ।

२ सेप्टेम्बर २०१५ टर्कीस्थित भूमध्य सागरको किनारमा सिरियाली बालक एलन कुर्दीको शव भेटियो । सिरिया संकटका कारण त्यहाँबाट आफ्ना अभिभावकसँगै टर्की हुँदै युरोप छिर्ने क्रममा ढुंगा दुर्घटना हुन पुग्यो र तीन वर्षीय बालक एलन कुर्दी त्यसैको सिकार बने ।

सन् २०१७ मा म्यानमारको सेनाको अत्याचारबाट बच्न भागेर बंगलादेश आउने क्रममा राखिन राज्यका १६ महिने बालक मोहम्मद सोहायत आफ्ना बाबु जाफोर आलमसँग बंगालदेश भाग्ने क्रममा सीमा नदीमा डुबे र नदीको किनारामा मृत फेला परे ।

मध्य अमेरिकी राष्ट्र एल साल्भाडोरबाट गएर मेक्सिको हुँदै रियो ग्रान्डे नदी तरेर अमेरिका टिर्ने क्रममा २५ वर्षीया ओस्कार अल्बर्टो मार्टिनेज रामिरेज र उनी २३ महिनाकी छोरी भलेरिया नदीमा बगे र खोजीका क्रममा नदीको एक किनारामा बाबुको टिसर्टभित्र पसेर बाबुलाई अंगालो मारिरहेको अवस्था घोप्टो परी आधा डुबेको अवस्थामा उनीहरूको शव भेटियो ।

हालसम्म मध्य अमेरिकी राष्ट्रबाट मेक्सिको हुँदै आफ्ना बाबु आमासँगै अमेरिका जान लागेका ६ जना बालबालिका अमेरिकी बन्दी केन्द्रमै मृत्युवरण गर्न बाध्य भएका छन् । हजारौं बालबालिका आफ्ना बाबुआमाबाट छुटाइएका छन् । सन् २०१८ मा अमेरिका-मेक्सिको सीमामा कम्तीमा पनि २८३ जना मारिएका छन् । यो तथ्यांक यूएस बोर्डर पेट्रोलको हो । यद्यपि, अधिकारवादीले योभन्दा बढी संख्यामा आप्रवासी मारिएको बताएका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पको कडा आप्रवासी नीतिलाई अमेरिका-मेक्सिको सीमा क्षेत्रमा आप्रवासीमाथि भएको अत्याचार र यो घटनाले गिज्याइरहेको छ । तापनि, ट्रम्पले आप्रवासीलाई अपराधी, बलात्कारी र जनावर भन्दै उनीहरूले अमेरिकालाई कहिल्यै माया नगरेको बताउँदै आएका छन् । तर, ट्रम्पको निर्णय विनाशकारी साबित भएको छ, मानव जीवन ध्वस्त पारिरहेको छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

# Single land for 28 Rhododendron


Tehrathum – Tinjure Forest, one of the ecologically important regions, lies on the eastern mid-hills of the country at a distance of about 9 km from Basantapur bazaar of Tehrathum district. Its altitude ranges between 2400-3010 m and covers 22 Sq. Km. lying in between Basantapur and Chauki. Basantapur is a small market located on the border of Dhankuta, Sankhuvasabha and Terhathum district.

The infrastructure of development, such as road and communication has turned this area into the trading center for Terhathum, Sankhuvasabha and some parts of Bhojpur district. A large amount of Lokta' (Daphne spp.) and medicinal plants are collected there. The area is mostly steep with forested slopes and ridges. The broad-leaved deciduous moist forest mostly covers the area and the lower canopy is composed of Rhododendron spp., Quercus spp., and Daphne spp. It is rich in biodiversity and provided the home to various indigenous and rare birds like Kalij Pheasants (Lophophora leucomelana) and Satyr Tragopan (Tragopan satyra). There is no specific geographical barrier in between the adjoining areas so that the movement of wildlife and birds within these areas is possible.

The area is covered with magnificently beautiful and splendid Rhododendron jungle intermixed mainly with oak and other tree species such as Magnolia spp., Castanopsis spp., Abies spectabilis, Betula utilis, Taxus Baccata with different kinds of shrubs, herbs, climbers, epiphytes, and grasses. In these regions, a survey of the bird was conducted in 1997-1998. A total of 73 bird species belonging to 23 families were recorded. Birds were observed in dense forest, degraded forest, bamboo groves, scrub and open habitats.

To reach there we can use 2 way. One way is by bus from Kathmandu with crossing Dharan and Dhankuta. Even it is developing district we can reach easily to the Headquarter of Tehrathum i.e. Myanglung bazaar. And the next way is by air. There is the majority of Limbu people and others casts.

Beside than Tinjure we can visit more place in this district are Singha Bahini Temple, Siddha Devi temple, Jal Kanya Devi Temple, Pancha Kanya Devi, Hyatrung Waterfall(Jharana), Tinjure hill, Tinjure-Milke-Jaljale area, Margha Pokhari.



visit nepal 2020 Lifetime Experiences

कुरीति छ जतासुकै
हिमाल, पहाड,
तराई : आजैबाट
रोकौं सबै मिली
बालविवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

प्रेरक

## दु:खको कारण



एकपटक स्वामी विवेकानन्दको आश्रममा दु:खीजस्ता देखिने एक व्यक्ति आए । उनले आउनासाथ स्वामीजीको पाउमा परेर आफ्नो समस्या बताए । आफू पढेलेखेको र मिहिनेती हुँदाहुँदै पनि सफल हुन नसकेको उनको गुनासो थियो । विवेकानन्दले उनको समस्या बुझे । उनले ती आगन्तुकलाई एकछिन आफ्नो कुकुर डुलाएर आएपछि मात्र यसबारे कुरा गर्ने बताएर कुकुर जिम्मा लगाइदिए । ती आगन्तुक पनि अचम्म मान्दै विवेकानन्दको घरेलु कुकुर लिएर बाहिर निस्किए ।

कुकुर डुलाएर केही समयपछि ती व्यक्ति आश्रममा फर्किए । फर्किंदा ती व्यक्ति खासै थकित देखिँदैनथे भने कुकुरचाहिँ निकै थकित देखिन्थ्यो । विवेकानन्दले ती आगन्तुकसित यसको रहस्यबारे जिज्ञासा राखे । उनको जिज्ञासा सुनेपछि ती आगन्तुकले भने– स्वामीजी, बाहिर डुलाउन लाँदा म सीधा बाटोबाट हिँडिरहेँ । तर, यो कुकुरचाहिँ कहिले यो कुना त कहिले ऊ कुना गर्दै बाटामा भेटिएका कुकुरको पछाडिपछाडि दौडिरह्यो । कैयौँसँग त यसले झगडा पनि ग(यो । त्यसैले यो निकै थकित देखिन्छ । तर, म भने सीधा बाटो हिँडिरहेको हुनाले खासै थाकेको छैन ।

विवेकानन्दले हल्का मुस्कुराउँदै भने– यो नै तिम्रो प्रश्नको जवाफ हो । तिम्रो लक्ष्य पनि नजिकै छ । त्यो धेरै टाढा छैन । तर, तिमी सीधा लक्ष्यतिर अघि बढ्नुको साटो अन्य मानिसको पछिपछि दौडिरहन्छौ । जसले गर्दा तिम्रो लक्ष्य तिमीबाट टाढा पुगिरहेको हुन्छ । त्यसैले तिमी आफूलाई असफल, अभागी र भगवानबाट ठगिएको ठानेर आफैँमाथि अन्याय गरिरहेका छौं ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन् । मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । उपलब्धिका लागि दोहोर्याएर काम गर्नुपर्ला । काम पूर्ण नभए पनि मिहिनेतले आंशिक लाभ दिलाउनेछ । आर्थिक लेनदेनमा अलि होसियार रहनुहोला ।

### बृष

अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । तर आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ ।

### मिथुन

विशेष भेटघाटले काममा उत्साह बढाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । सामाजिक दायित्व बढ्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्नेछन् ।

### कर्कट

पछिका लागि केही वस्तु त्याग्नुपर्ला । तापनि मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ । टाढाका साथीभाइले काममा साथ दिनेछन् । आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । टाढाका साथीभाइ भेटिनाले खुसियाली छाउनेछ । कर्जामार्फत धन जुट्नेछ । दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ ।

### सिंह

दिगो काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ । श्रमको उचित मूल्य पाइनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । छोटो समयमै उपलब्धि हातलागी हुनेछ ।

### कन्या

आँटले काम लिन नसक्दा केही पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् भने अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । सानातिना काममै अल्झनुपर्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न समय लाग्नेछ । दीर्घकालीन योजना बनाएर काम प्रारम्भ गर्ने बेला छ ।

### तुला

पहिलेका कमजोरीले केही समस्या उब्जाए पनि सोचेको काम सम्पादन गर्न सकिनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । मिहिनेतले पेसागत उचाइमा पुर्याउन सक्छ । सानो प्रयत्नले अप्ठ्यारो स्थितिबाट जोगाउन सक्छ । गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व पनि बढ्नेछ ।

### बृश्चिक

खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल रहला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । समयमा शुभचिन्तक तथा साथ दिनेहरू नहुँदा दु:ख पाइनेछ । बाध्यताले अप्ठ्यारो पार्न सक्छ ।

### धनु

बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यापार र पेसाबाट प्रशस्त लाभ हुनेछ । आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्याउनुहोला । लोकाचारका पछि लाग्दा अरूले फाइदा उठाउन सक्छन् ।

### मकर

वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । अधिकारका लागि सजग रहनुपर्ला । प्रतिस्पर्धी बढ्नाले केही चुनौतीहरू देखिनेछन् । काममा बाधा पुर्याउनेहरू प्रशस्तै हुनेछन् । तापनि मिहिनेतले नियमित काम बन्नेछन् र सामान्य फाइदा पनि हुनेछ । भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ । परिस्थितिले नयाँ कर्मतर्फ अग्रसर गराउन सक्छ ।

### कुम्भ

काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुनेछ । तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । समाजबाट सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरूलाई उछिन्दै उपलब्धि प्राप्त गर्न सकिनेछ । कृषि र व्यापारमा फाइदा हुनेछ ।

### मीन

तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ । टाढिएका आफन्त नजिकिनेछन् । पुरानो सम्झौता भंग हुन सक्छ ।

# 'सार्क फिल्म फेस्टिभल'मा स्वस्तिमा



श्रीलंकामा जारी सार्क फिल्म फेस्टिभलमा सहभागी जनाउनका लागि अहिले नायिका स्वस्तिमा खड्का र निर्देशक दिनेश राउत श्रीलंकामा छन् । सार्क फिल्म फेस्टिभलमा दिनेश राउत निर्देशित चलचित्र 'प्रसाद', नायिका स्वस्तिमा खड्का अभिनित चलचित्र 'बुलबुल' प्रतिस्पर्धामा छन् । नायिका स्वस्तिमाले आफ्ना लागि यो फेस्टिभल नयाँ अनुभव भएको बताएको छिन् । साथै, यो फेस्टिभलबाट आफूले धेरै कुरा सिक्न पाएको उल्लेख गरेकी छिन् । सार्क फिल्म फेस्टिभलमा नायिका गरिमा पन्तले चलचित्र 'झोला'बाट उत्कृष्ट नायिकाको अवार्ड जितेकी थिइन् । सो समयमा उनको निकै नै चर्चा भएको थियो ।

# देशको बेथिती बोल्ने नाटक

तपाई रत्नपार्क आसपासमा पुग्नुभयो भने आफ्नो जीवनको लागि अरुको भर पर्ने मान्छेहरु धेरै देख्नुहुन्छ । मन खोलेर सहयोग गर्न थाल्नुभयो भने तपाईले आफ्नो खल्ती रित्तिएको थाहा पाउनुहुन्न । सोहि रत्नपार्कमा पुगेर मनकारी डाक्टर सुन्दर शर्माले आफ्नो खल्ती रित्याउछन् । मृगौला पिडितदेखि भोका, नाङ्गा र कसैको साहारा नभएकाहरुलाई उनले सहयोग गरेका हुन्छन् ।

तर, डाक्टर सुन्दर शर्माले आफ्नो खल्ती रित्तो बनाएको कथा वास्तविकतामा भने हैन । भलै रियल लाइफमा पनि यस्तो मान्छेहरु धेरै भेटिन्छन् । सर्वनाम थिएटरमा मञ्चन भइरहेको नाटक 'विकास भर्सेस निकास'मा उनले दिल खोलेर सहयोग गरेका हुन् ।

**कस्तो छ कथा ?**

एक नेपाली सुन्दर शर्मा (दिपक आचार्य, काकु) । जसले पढेर डाक्टर बन्ने सपना देखेको हुन्छ । तर, नेपालमा पढ्ने वातावरण नभएपछि उ अमेरिका पुग्छ र डाक्टर पढ्छ । डाक्टरी पास गरेपछि लामो सामय अमेरिकामा नै बसेर त्यहाँको विरामीलाई उपचार गर्छ । तर, पछि उ आफ्नो देशको माटो सम्झेर नेपाल फर्किन्छ ।

नेपाल फर्किएको बेला उसलाई माला र खदाले सम्मान गरिन्छ । तर, त्यो सम्मान उसले ग्रहण गर्दैन । कारण, उसलाई त्यो सम्मानमा हिनताबोध छ । नेपालको लागि केही गर्न नसकेकोमा उसलाई आत्मग्लानी छ । अब उ नेपालको लागि केही गर्न चाहन्छ ।

'डाक्टर्स फ्याक्ट्रि' नामक संस्थाको उद्घाटन गर्दैगर्दा उसले आफूलाई समाजसेवा गर्न मन लागेको बोल्छ । त्यहाँ उपस्थित एक शिक्षकले गोरखामा रहेको आफ्नो विद्यालयमा सहयोग गर्दिन आग्रह गर्छ । उसले आफ्नो विद्यालयको झुटो आँकडा दिएर सहयोगको लागि उक्साएको हुन्छ ।

उक्त शिक्षकलाई थाहा नदिई सुन्दर शर्मा उक्त विद्यालय अवलोकनको लागि गोरखा पुग्छ । त्यहाँ पुग्दा उसले शिक्षकले बोलेको भन्दा विद्यालयको अवस्था ठिक उल्टो पाउँछ । उ मन दुखाउँदै त्यहाँको स्वस्थ्य चौकीको अवस्था बुझ्न पुग्छ ।

स्वस्थ्य चौकीमा भएको लपरवाही पनि दुखदायी नै हुन्छ । अझ त्यहाँको कर्मचारीले माग गरेका आवस्यकताहरु पनि लाजस्पद थिए । सुन्दरको मन दुख्छ ।

विद्यालय र स्वस्थ्य चौकीको अवस्था देखेर सुन्दर रजनीतिक दलसम्म पुग्छ । नेताको अवस्था पनि उस्तै हुन्छ । नेताले आफ्नो पार्टीले सम्पूर्ण समस्या पार गरिदिने तर आफ्नो पार्टीलाई चन्दा दिनुपर्ने बताउँछन् । त्यहाँ सुन्दरले आफ्नो समस्या देखाउन नै पाउदैन । कहिले भ्रष्ट्राचारको चंगुल त कहिले मनपरितन्त्रको भीड । सुन्दर यस्तै यस्तै कुराले उदास हुन्छ । सर्वनाम थिएटरमा मञ्चन भैरहेको नाटकले अरु पनि धेरै कथा बोल्छ । जसका लागि तपाइले नाटक नै हुर्नुपर्ने हुन्छ ।

**के राम्रा/के नराम्रो ?**


नाटकले उठाएको वियषबस्तु यथार्थपरक छ । हाम्रो समाजमा देखिएका उदेकलाग्दो पाटोहरुलाई नाटकले यथार्थपरक ढंगले उठान गरेको छ । नाटकलाई पूर्ण रुपमा आफ्नो काधँमा बोकेका मुख्य कलाकार दीपक आचार्यको काम पनि प्रशंसनिय छ । अन्य कलाकारहरुको अभिनय पनि तारिफयोग्य छ ।

नाटकमा देखाइएको विविधता पनि सम्झिनै पर्ने पक्ष हो । निर्देशक रामबाबु रेग्मीले गरेको मिहिनेत नाटकमा देखिन्छ । तर, नाटक 'सेट डिजाइन' त्यती सन्तोषजनक छैन । गोरखाको गाउँमा पुग्दा र रत्नपार्कको फुटपाथमा आइपुग्दा पनि सेटमा कुनै परिवर्तन गरिएको छैन । नाटकमा यो कुरामा ध्यान दिएको भए राम्रो हुन्थ्यो ।

अर्को कुरा, सुन्दर शर्माले बोल्ने संवादहरु लामो लाग्न सक्छन् । हरेक पटक उनले प्रवचन दिइरहेको जस्तो दर्शकलाई लाग्न सक्छ । यदि यी कुरालाई पचाउने हो भने नाटकले राम्रो शिक्षा सहित हाम्रो मौलिक कथालाई प्रस्तुत गरेको छ ।

१ घन्टा २० मिनेट लामो नाटकमा दिपक आचार्य, मिलन गुरुङ, विक्रम माझी, गौरव सापकोटा, सन्दिप घिमिरे, उमाकान्त सापकोटा, प्रकाश कट्टेल, अमृता श्रेष्ठ, सुरज केसी, साशंक उप्रेती, बिरेन्द्र मुखिया, अजय रेग्मी, प्रियना आचार्य लगायतको अभिनय छ ।

# 'सानो मन' को अफर




असार २७ गतेबाट देशभर प्रदर्शनमा आउन लागेको अभिनेता आयुष्मान देशराज जोशी र अभिनेत्री शिल्पा मास्के स्टारर फिल्म 'सानो मन' टीमले प्रचार(प्रसारलाई प्रभावकारी बनाउन निकै मेहनत गरेको छ । टीमले राजधानीदेखि मोफसलसम्म फिल्मको प्रचार भ्याइसकेको छ । म्यूजिकल लभस्टोरीमा निर्मित चलचित्रले बक्सअफिसमा राम्रो व्यापार गर्ने अनुमान गरिएको छ ।

यसैबीच, गीतसंगीत र ट्रेलरका कारण चर्चामा रहेको चलचित्रले एक कन्टेस्टको घोषणा गरेको छ । यस चलचित्रको शिर्ष गीत गाएको भिडियो पठाउने मध्ये उत्कृष्ट एक जनाले गायक रोहितजोन क्षेत्रीसँग गीत गाउन पाउनेछन् भने उक्त गीतको भिडियो पनि 'सानो मन' टीमले निर्माण गर्नेछ । निर्णायकमा गायक क्षेत्री स्वयं छन् । नयाँ प्रतिभालाई प्रोत्साहन गर्न यो कन्टेस्टको घोषणा गरिएको बताइएको छ ।

शिर्ष गीतमा रोहित जोन क्षेत्रीको स्वर तथा स्वप्निल शर्माको शब्द छ । सुयोग सोताङ्गले संगीत भरेका छन् । युट्युबमा यस गीतको भिडियोलाई दर्शकले निकै रुचाएका छन् । यो चलचित्रमा सक्षम सुवेदी, गौरी मल्ल, विशाल पहारी, शिशिर वाङदेल, रश्मी भट्ट, देव कुमार श्रेष्ठ लगायतका कलाकारहरुको पनि अभिनय छ । सुयोग गुरुङ र मिलन श्रेष्ठले सम्पादन गरेका छन् ।

ओ.पि.जी फिल्म :, ए प्लस इन्टरटेन्मेन्ट र हाई टेक इन्टरटेन्मेन्टको संयुक्त ब्यानरमा यो चलचित्र निर्माण भएको हो । समिर सुनुवार र निर्देशक गुरुङको संयुक्त लेखन रहेको 'सानो मन' लाई आलोक शुक्लाले छायांकन गरेका छन् । यस फिल्मका निर्माताहरू योगेश गुरुङ, राजीव श्रेष्ठ, रमेश के. मित्तल र राजेन्द्र मानन्धर हुन् । रित बोहरा मुख्य सहायक निर्देशक हुन् भने प्रोडक्सन म्याजेनर यम प्रसाद ओली हुन् ।

(अनलाइनहरुको सहयोगमा)

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

List = ढल्कनु That pole is not straight vertical rather listing on left side (त्यो खम्बा सिधा गाडिएको नभै देब्रेतिर ढल्किएको छ)

Morbid = अडान नभएको, मुड अनुसार चल्ने, चेपारे Not a morbid sentiment rather a substantive help can be useful for disaster victim (दैविप्रकोप पीडितलाई चेपारो होइन खास मद्दत उपयोगी हुन्छ)

Nascent = प्रारम्भिक अवस्था । जन्मदाको समय, It is easy to quell a revolution in its nascent stage (कुनै पनि क्रान्तिलाई प्रारम्भिक अवस्थामा नै दबाउन सजिलो हुन्छ)

Onslaught=खतरनाक आक्रमण Because of an unexpected unslaught of the insurgents many security personnel lost their lives (विद्रोहीहरूले अकस्मात गरेको खतरनाक आक्रमणको कारण धेरै सुरक्षाकर्मीले ज्यान गुमाए)

Puny = कमजोर The puny effort to control the flood became futile बाढी नियन्त्रण गर्न गरिएको कमजोर प्रयास काविल हुन सकेन)

Punitive = दण्डकारी Sometimes punitive measure should be adopted to control the irregularities (अनियमिततालाई नियन्त्रण गर्न कहिलेकाहीँ दण्डकारी उपाय अपनाउनु पर्दछ)

Rile = क्रोध गर्नु It riles me if he disagrees (उसले नामुञ्जर गर्नुले मलाई क्रोधित बनाउँछ)

Sybarite = विलासप्रेमी All the rich people are not sybarite rather do social work (सबै धनी मानिसहरू विलासप्रेमी हुँदैनन् बरु सामाजिक कार्य गर्ने पनि हुन्छन)

Transpire = खुल्नु छर्लङ्ग हुनु It transpired later that the gang had not had any contact with bank personnel (बैंकका कर्मचारीहरूसँग लुटेराहरूको दलको साँठगाँठ रहेनछ भन्ने कुरा पछि आएर खुल्यो)

Unfaltering = खुट्टा नकमाइकनै, सिधै He crossed the dangerous bridge with unfaltering step (उसले खतरनाक पुल खुट्टा नकमाइकनै पार गऱ्यो)

# Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get around somebody = कसैलाई मनाउनु She knows well to get arouns her father, बुबालाई कसरी मनाउने भन्ने कुरा तिनलाई राम्ररी थाहा छ ।

Get around something = सल्ट्याउनु He does not know how to get around this problem यो समस्या कसरी सल्ट्याउन भन्ने कुरा यसलाई थाहा छैन ।

Get around to something = केही कुराको लागि समय निकाल्नु I am busy now but I get around to your queries after some days म अहिले ब्यस्त छु तर तिम्रो प्रश्नको जवाफको लागि केही दिनपछि समय निकाल्ने छु ।

Get through something = बुत्याउनु, खाइसक्नु He is a chain smoker and gets through 40 cigarettes a day ऊ चुरोट खाएकोखाई गर्ने मान्छे हो दिनभरमा ४० खिल्ली चुरोट सक्छ ।

Get through something = सफलता पाउनु Ram failed SEE exam but his sister got through रामले दश कक्षाको जाँचमा फेल भयो जबकी उसकी दिदीले सफलता पाइन् ।

Get through to somebody = कसैको लागि समयमै पुग्नु Many flood hit people will die if these materials do not get through to them यी मालसामान समयमै पुगेन भने बाढी पीडितहरु मर्ने छन् ।

Get through to somebody = कसैलाई केही कुराको अर्थ बुझाउनु I tried hard but could not get through to her that she was wasting time in that job उनले त्यो काम गरेर समय मात्रै बर्बाद गरिरहेकी छिन् भनेर बुझाउन मैले खुबै कोसिस गरेँ तर सकिन ।

Get through to something = उक्लनु If she performed well she could get through to the final तिनले राम्रो प्रस्तुति गरिन् भने फाइनलसम्म पुग्न सक्ने छिन् ।

## सुडोकु-अंक १५८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७ | | | | २ | | | ५ |
| | | | | | | | ७ | |
| | | | ५ | ४ | | १ | ६ | ३ |
| ७ | | | | | ५ | | | ८ |
| | | | | ६ | | | | |
| ५ | | | ९ | | | | | १ |
| ६ | ९ | २ | | ७ | ३ | | | |
| | ३ | | | | | | | |
| ८ | | | ४ | | | | २ | |

## अंक १५७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | २ | ७ | १ | ९ | ४ | ५ | ३ |
| ५ | ३ | १ | ४ | ८ | ६ | ७ | २ | ९ |
| ७ | ९ | ४ | २ | ५ | ३ | ६ | १ | ८ |
| ९ | ५ | ३ | ६ | ४ | १ | ८ | २ | ७ |
| २ | १ | ८ | ९ | ३ | ७ | ५ | ४ | ६ |
| ६ | ४ | ७ | ५ | २ | ८ | ९ | ३ | १ |
| १ | २ | ९ | ८ | ७ | ४ | ३ | ६ | ५ |
| ४ | ७ | ५ | ३ | ६ | २ | १ | ८ | ९ |
| ३ | ८ | ६ | १ | ९ | ५ | २ | ७ | ४ |

# शब्दचित्रमा ई. ध्रुव थापा



**NAME:** DHRUBA RAJ THAPA

**PERMANENT ADDRESS:** 140 KUTUBAHAL MARG, CHABAHIL, KATHMANDU-7.

**DATE OF BIRTH:** 30 TH AUGUST 1960

**SEX:** MALE

**NATIONALITY:** NEPALI

**MARITAL STATUS:** MARRIED, TWO CHILDREN.

**LANGUAGE PROFICIENCY:** FLUENT IN NEPALI, ENGLISH AND HINDI.

**ACADEMIC QUALIFICATION:** POST GRADUATE DIPLOMA IN CONSTRUCTION MANAGEMENT FROM DELHI PRODUCTIVITY COUNCIL, INDIA IN THE YEAR 2004

MASTERS DEGREE IN CONSTRUCTION MANAGEMENT FROM POKHARA UNIVERSITY, NEPAL IN THE YEAR 2005,

STUDIED AT NEPAL ENGINEERING COLLEGE. BACHELORS DEGREE IN CIVIL ENGINEERING FROM INSTITUTION OF ENGINEERS (INDIA),

COLLEGE OF TECHNOLOGY AND ENGINEERING, MADRAS. IN THE YEAR 1987

CERTIFICATE LEVEL IN CIVIL ENGINEERING FROM TRIBHUVAN UNIVERSITY, INSTITUTE OF ENGINEERING, NEPAL, IN THE YEAR 1978

**REGISTRATION:** NEPAL ENGINEERING COUNCIL, CIVIL "A"NO.1548 PROFESSIONAL ENGINEER (P.ENGG.), NEPAL ENGINEERING COUNCIL.APRIL. 1995 TO DATE:

EXECUTIVE CHAIRMAN, HABITAT CONSTRUCTION ENGINEERS PVT. LTD. BATTISPUTALI, KATHMANDU - A MULTI-DIMENSIONAL "A" CLASS CONSTRUCTION COMPANY, SPECIALIZED FIELDS OF WORK ARE ROADS, IRRIGATION STRUCTURE AND BUILDING CONSTRUCTION.

HABITAT DEVELOPMENT ENGINEERS PVT. LTD. KATHMANDU, - A HOUSING DEVELOPMENT COMPANY, DEVELOPER OF "THE PARADISE" AN ULTIMATE HOUSING COLONY PHASE I AND II IN KATHMANDU VALLEY. PHASE III IS IN PROGRESS IN DHAPASI, KATHMANDU.

INDRA CONSULTING ENGINEERS, KATHMANDU,- A MULTIDIMENSIONAL CONSULTING FIRM ENGAGED IN DESIGN AND CONSTRUCTION SUPERVISION WORK OF INFRASTRUCTURAL PROJECT. FEB. 2002 TO DATE

CHAIRMAN, UDAYAPUR MINARAL TECH. PVT. LTD. PROMOTER AND EXPLORER OF LIMESTONE MINES AT SIRISE KATARI OF UDAYAPUR. 2

CHAIRMAN, RAINAS MULTI AGRO FARM PVT. LTD. - AN AGRO. FARM ON 226 ROPANIS OF LAND AT RAINAS MUNICIPALITY, LAMJUNG, TO PROMOTE AGRICULTURE & FISHERY IN MOUNTAINS WITH AGRO. TOURISM

CHAIRMAN, SHIVAPURI MULTI-AGRO INITIATIVES PVT.LTD., KATHMANDU- AN ORGANIC AGRO INITIAVES ON AROUND 200 ROPANIS OF LAND AT SHIVAPURI, NUWAKOT. WITH THE CONCEPT OF AGRO RECREATION CENTRE.

CHAIRMAN, NEPAL CONCRETE AND ALLIED INDUSTRIES PVT.LTD. IN JANAKPUR, MANUFACTURER OF VARIOUS CONCRETE PRODUCTS INCLUDING DRY CONCRETE MORTAR.





EXECUTIVE VICE CHAIRMAN, EASTERN COSMENT CEMENT INDUSTRIES PVT. LTD, A 400 TPD CEMENT MANUFACTURING COMPANY IN HATTIMUDA, MORANG, NEPAL.

EXECUTIVE DIRECTOR, COSMOS CEMENT INDUSTRIES (PVT.) LTD,- A 700 TPD CEMENT MANUFACTURING COMPANY IN JANAKPUR NEPAL.

PAST PRESIDENT (FOUNDER PRESIDENT) ENGINEERS SAVING AND CREDIT CO-OPERATIVE LIMITED. A COOPERATIVE RUN BY ONLY ENGINEERS (FROM JULY 2001 TO NOV 20011). OCTOBER 1988 TO MARCH 1995:

WORKED IN DEPARTMENT OF WATER SUPPLY AND SEWERAGE (DWSS) THEN HM GOVT. OF NEPAL IN VARIOUS CAPACITY FROM ENGINEER TO ACTING DISTRICT ENGINEER. WORKED IN VARIOUS REMOTE DISTRICT OF NEPAL.

**PROFESSIONAL AFFILIATIONS:**

FELLOW, NEPAL ENGINEERS ASSOCIATION.

FELLOW, INSTITUTION OF ENGINEERS (INDIA).

LIFE MEMBER, SOCIETY OF PUBLIC HEALTH ENGINEERS (SOPHEN) NEPAL.

MEMBER , SOCIETY OF CIVIL ENGINEERS, NEPAL.

MEMBER, AMERICAN SOCIETY OF CIVIL ENGINEERS

LIFE MEMBER , IE (I) ALUMNI ASSOCIATION , NEPAL.

MEMBER, MANAGEMENT ASSOCIATION , NEPAL

PROFESSIONAL, SOCIAL AND OTHER POSITIONS HELD:

PRESIDENT, CEMENT MANUFACTURERS' ASSOCIATION OF NEPAL (CMA) PRESIDENT, NEPAL ENGINEERS' ASSOCIATION (NEA), (2016-18) MEMBER, URBAN DEVELOPMENT COMMITTEE, FNCCI

BOARD MEMBER, NEPAL ENGINEERING COUNCIL (2014-16)

ACADEMICIAN, NEPAL ACADEMY OF SCIENCE AND TECHNOLOGY ( NAST), (2014-16)

MEMBER, ENERGY COMMISSION, GON, (2014-16)

PRESIDENT, ROTARY CLUB OF KANTIPUR. ROTARY INTERNATIONAL DISTRICT 3292 (2012-13)

GENERAL SECRETARY, NEPAL ENGINEERS' ASSOCIATION (NEA). (2009-11)

BOARD MEMBER, ROADS BOARD NEPAL, GOVT. OF NEPAL (GON) (2009-11).

BOARD MEMBER, RURAL WATER SUPPLY AND SANITATION FUND DEVELOPMENT BOARD, GON, (2007-9)

VICE PRESIDENT, SOCIETY OF PUBLIC HEALTH ENGINEERS NEPAL (SOPHEN), (2005-8)

MEMBER, ROTARY CLUB OF KANTIPUR

MEMBER, LIONS CLUB OF KATHMANDU CHABAHIL

**COUNTRY VISITED:**

INDIA, BANGLADESH, SRILANKA, PAKISTAN, CHINA, THAILAND, JAPAN, SINGAPORE, MALAYSIA, CAMBODIA, VIETNAM, DENMARK, SWITZERLAND, GERMANY, BELGIUM, FRANCE, ITALY, AUSTRIA, GREECE, CZECH REPUBLIC, THE NETHERLANDS, SWEDEN, SPAIN, HONGKONG, BAHRAIN, AUSTRALIA, USA, UK and SOUTH KOREA

## अभागी...

मेसी । उनलाई फुटबलका भगवान नै मान्नेहरु पनि कम छैनन् । उनका प्रशंसकहरु भन्ने गर्छन्- उनी भगवान नै हुन्, नत्र दुवै खुट्टाले जादुमय फुटबल खेल मान्छेले कहाँ खेल्न सक्छ ? फुटबलले नै उनले नाम र दाम दुवै कमाए । कुनै बेला दक्षिण अमेरिकाको धनी देश थियो अर्जेन्टिना । बेलायत जस्तो शक्तिशाली देशसँग फोक्लयान्ड युद्ध लडेको थियो उसले । तर अहिले अर्जेन्टिना गरिब राष्ट्र मात्र भएको छैन एक असफल राष्ट्रको पहिचानमा छ । यही आर्थिक संकटले गाँजिएको देशका सबैभन्दा धनी खेलाडी हुन् मेसी । सानैमा उचाइ बढ्ने हर्मोन कमजोर भएका कारण उनलाई स्पेनको बार्सिलोना क्लबले स्पेनमै लगेर उपचार गराएको थियो त्यसबेला उनी ११ वर्षका थिए । उनी अहिले बार्सिलोनाका पनि कप्तान छन् ।

मेसीको राष्ट्रिय टोली अर्जेन्टिनाले पछिल्लो २६ वर्षयता कुनै पनि अन्तर्राष्ट्रिय उपाधि जित्न सकेको छैन । अर्जेन्टिनी राष्ट्रिय टोलीले पछिल्लो पटक उपाधि जित्दा मेसी पाँच वर्षका मात्र थिए । सन् १९८६ मा डिएगो म्याराडोनाले अर्जेन्टिनालाई विश्व च्याम्पियन बनाएका थिए । मेसी अहिले ३२ वर्ष पुगेका छन् । उनी यही बेला विश्वका महान फुटबलरका रुपमा गनिएका छन् । उनकै प्रदर्शनमा बार्सिलोनाले घरेलु र युरोपेली क्लब फुटबलमा उपलब्ध सबै सफलता हात पारेको छ । तर उनी आफैंले नेतृत्व गरिरहेको अर्जेन्टिनी टोली भने अन्तर्राष्ट्रिय प्रतियोगिताको उपाधि होडमा असफल हुँदै आएको छ । यसै क्रममा मेसीले आफ्नो टोलीलाई विश्वकपसहित तीन ठूला प्रतियोगिताको फाइनलसम्म पुर्‍याए । तर तीनै पटक उनी उपाधि दिलाउन असफल रहे । सन् २०१४ ब्राजिलमा भएको विश्वकपमा अर्जेन्टिना फाइनलमा जर्मनीसँग पराजित हुँदै उपाधिबाट चुक्यो । त्यसपछि उनकै कप्तानीमा २०१५ र २०१६ मा भएको कोपा अमेरिकाको फाइनलमा पुग्न सफल भएको थियो । तर दुवै फाइनलमा अर्जेन्टिना चिलीसँग स्तब्ध हुन पुग्यो । त्यसपछि मेसीले राष्ट्रिय टोलीबाट सन्यास लिएको घोषणा गरे । तर सरकार र समर्थकको आग्रहमा उनी सन्यासको निर्णय फिर्ता लिएर पुनः राष्ट्रिय टोलीमा फर्किए । सन् २००८ मा ओलम्पिक खेलकुदमा यु२३ टोलीबाट उनले स्वर्णपदक जितेका थिए । पाँच पटकसम्म फिफा वर्ष खेलाडी रहेका मेसीलाई फुटबलका जादुगर पनि भनिन्छ ।

## आज...

औचित्यताबारे स्पष्ट पार्नुभएको थियो । महासचिव मैनालीले पत्रकार सम्मे्लनलाई सम्बोधन गर्दै दुईतिहाई निकटको बलियो सरकार बनेकोमा मुलुकमा सरकारले राजनीतिक स्थिरता दिने, सबै समुदायको अधिकार सुरक्षित गर्ने, आर्थिक विकास गर्ने, भ्रष्टाचार रोक्ने, राष्ट्रियता बलियो पार्ने, व्यापारघाटा घटाउने, रोजगारी प्रदान गर्ने लगायतका विषयमा जनता आशावादी रहेकोमा ओली-प्रचण्ड गठबन्धन सरकार यस विपरीत हिंडेकाले जनतामा घोर निराशा छाउन पुगेको छ भन्नुभयो । सरकारले जनतालाई अधिकार सम्पन्न बनाउनुपर्नेमा विभिन्न खाले द्वन्द्व सिर्जना गराउने, नेपाली संस्कार, संस्कृति र सनातनी धर्म मासेर क्रिश्चियानिटीलाई प्रोत्साहन गर्ने, विवादास्पद विधेयकहरु संसदमा पेस गरेर सर्वसत्तावाद लाद्न खोज्ने जस्ता क्रियाकलाप गरेकाले सबैखालले गलत क्रियाकलाप रोक्न संयुक्त राष्ट्रिय आन्दोलनको खाँचो रहेको मैनालीले स्पष्ट पार्नुभयो ।

उहाँले विभिन्न खाले शक्ति सरकारको विरोधमा आइरहेको अवस्थामा जनताले जाने, मानेका शक्तिले नै आन्दोलनको नेतृत्व लिएर सरकारको विरोधमा अगाडि आओस् भन्ने ध्येयले आन्दोलन सुरु गर्न लागेको स्पष्ट पार्नुभयो । आन्दोलनका जनहितका स्पष्ट एजेन्डा अघि सारिएको र ती एजेन्डामा सहमत हुने सबै देशभक्त, राष्ट्रवादी कम्युनिस्ट, प्रजातान्त्रिक शक्तिहरु गठबन्धनमा थपिँदै जाने पनि उहाँले स्पष्ट पार्नुभयो ।

पत्रकार सम्मेलनमा अध्यक्षता गरिरहनुभएका हरिबोल भट्टराई, तेतीस दलीय मोर्चाका अध्यक्ष शोभाराम थापा, राष्ट्रिय लोकतान्त्रिक मञ्चका देवीप्रसाद ओझाले पनि पत्रकारले राखेका प्रश्नहरुको जवाफ दिनुभएको थियो । कार्यक्रममा नेपाल समाजवादी कांग्रेसका महासचिव डम्बरविक्रम थापा लगायतको उपस्थिति रहेको थियो । नेकपा सर्वहारा माओवादीकी महासचिव भावना विदोहीले पनि आन्दोलनमा सरिक हुने जानकारी गराउनुभएको छ ।

## संयुक्त...

विगविगीलाई नियन्त्रण नगर्नु, प्रदेश र स्थानीय तहमा कार्यकारी पदाधिकारीहरूले आपसी मिलेमतोद्वारा व्यापक भ्रष्टाचार गर्नुले ओली सरकार भ्रष्टाचारको पर्याय बनिरहेको छ ।

यो कम्युनिष्ट नामधारी दुईतिहाई वहुमत नजिकको केपी-प्रचण्ड सरकार हो । शुरुमा यसले केही गर्ला भन्ने अपेक्षा जनतामा थियो । तर यस सरकारका यस्ता थुप्रै कर्मकाण्ड र प्रदेश तथा स्थानीय सरकारका वहुलठ्ठीपूर्ण चरित्र र कामले आज जनता आक्रान्त बनेका छन् । मुलुकको यस्तो दूरावस्थामा मुख्य प्रतिपक्ष दल प्रभावकारी ढंगले न संसदमा देखिन्छ, नत सडकमा । लोकतन्त्रको स्वस्थ विकासमा र जनताको सुखशान्तिको चाहनामा यो अर्को कुठाराघात हो । हामी यस्ता काम कार्यवाहीको बिरोध र भर्त्सना गर्दै तुरुन्त बन्द गर्न जोडदार माग गर्दछौं ।

मुलुकको यस्तो भयावह अवस्थामा हामी निम्न हस्ताक्षरित राजनीतिक दलहरू राष्ट्रियता, लोकतन्त्र, जनजिविका र जनसरकोकार सम्वन्धी ज्वलन्त मागहरू-धर्मनिरपेक्षता खारेज गर, असल सनातनी संस्कृतिको रक्षा र सम्वर्द्धन गर, राष्ट्रियता, लोकतन्त्र र असल परम्परा विरोधी विधेयकहरू खारेज गर, सार्वभौमिकता र राष्ट्रियताको रक्षा गर, भ्रष्टारीलाई कार्यवाही गर, महंगी नियन्त्रण गर, रोजगारीको श्रृजना गर, मुलुक प्रतिकूल संघीय प्रणालीका विकृतिहरू अन्त्य गर, संविधानको अनुसूचीमा नेपालमा बसोवास गर्ने सवै जातिको उल्लेख गरी तिनको पहिचान स्वीकार गर लगायतका मागलाई सरकारद्वारा पुरा गराउन र देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक राजनीतिक शक्तिको निर्माण गर्नको निम्ति जनसंघर्षका विभिन्न कार्यक्रम लिई २०७६ साल असार, २० गते दिउसो ३ वजे काठमाडौं न्यूरोड गेट पूर्व भेला भई र्‍यालीको रुपमा रत्नपार्क पुगी ४ वजेबाट संयुक्त राष्ट्रिय आन्दोलनको घोषणासभा गर्दै संघर्षशील न्यायप्रेमी जनसमुदाय बीच आइरहेका छौं । तपाई हामी सवै पक्षको ऐक्यवद्धता र संयुक्त राष्ट्रिय आन्दोलनले मात्र यी मागहरू पुरा गर्न र वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्न सकिने भएको हुँदा जनजीवनका सवै पक्षलाई आ-आफ्नो स्थान र तरिकाबाट आन्दोलनमा सरिक हुन विनम्र अपील गर्दछौं । साथै राज्यको चौथो प्रभावशाली अंग पत्रकार जगतलाई व्यापक सहयोग र सद्भावका लागि हार्दिक आह्वान गर्दछौं । धन्यवाद !

**सहभागी राजनीतिक दलहरू** :

नेपाली काँग्रेस (बीपी), अध्यक्ष-हरिवोल भट्टराई, नेकपा (माले), महासचिव-सी.पी.मैनाली, जनसमाजवादी पार्टी, नेपाल, अध्यक्ष-सुवासराज काफ्ले, नेपाल समाजवादी काँग्रेस, अध्यक्ष-गोविन्द निरौला, राष्ट्रिय लोकतान्त्रिक मञ्च, संयोजक- देवीप्रसाद ओझा, तेत्तीसदलिय मोर्चा, जनमोर्चा नेपाल, र जनताको प्रजातान्त्रिक पार्टी ।

## सधैं...

कृषिमा आधारित छन् भनिन्छ । विभागको तथ्यांक अनुसार ११ महिनामा कुल व्यापार पनि बढेको छ । मुलुकको कुल व्यापार १७.५ रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष यही अवधिमा ११ खर्ब ८० अर्ब ९६ करोड रुपैयाँ थियो । तथ्यांक अनुसार आयात निर्यात खाडल बर्सेनि बढ्दै गएको छ । ११ महिनाको अवधिमा १२ खर्ब १९ अर्ब ८० करोड रुपैयाँको आयात भएको छ । ८७ अर्ब ८३ करोड रुपैयाँ मात्रै निर्यात भएको तथ्यांक छ । आयात र निर्यातको अन्तर बर्सेनि बढेको उल्लेख छ । अघिल्लो वर्षको तुलनामा आयात १७.४५ प्रतिशतले बढेको छ भने निर्यात १८.१८ प्रतिशतले बढेको विभागको तथ्यांक छ ।

भन्सार विभागको तथ्यांक अनुसार इनधन तथा विलासिता वस्तुको आयात पनि अस्वभाविक ढंगले बढेको छ । त्यसलाई निरुत्साहित गर्न विद्युतीय सवारीमा सरकारले जोड दिनुपर्ने हो । विभागको तथ्यांक अनुसार करिब २ सय मुलुकसँग व्यापार हुन्छ । जसमध्ये करिब एक दर्जन मुलुकसँग मात्रै व्यापार नाफामा छ । अन्य सबै मुलुकसँग घाटामा रहेको विभागको तथ्यांकमा छ । रुवान्डा, अल्जेरिया, पानामा लगायत केही मुलुकसँग व्यापार लाख रुपैयाँ नाफामा छ । सबैभन्दा बढी भारतबाट ८ खर्ब ४१ अर्ब ६७ करोड रुपैयाँको आयात भएको छ । भारतमा निर्यात भने न्यून छ । तथ्यांक अनुसार भारतमा ५६ अर्ब ५९ करोड रुपैयाँको निर्यात भएको उल्लेख छ । भारतबाट मात्रै व्यापारघाटा ७ खर्ब ७५ अर्ब रुपैयाँ पुगेको छ । दोस्रोमा चीनबाट आयात भएको छ । चीनबाट १ खर्ब ८६ अर्ब ६० करोड रुपैयाँको वस्तु आयात भएको उल्लेख छ । निर्यात भने १ अर्ब ९६ करोड रुपैयाँको मात्र छ । जसअनुसार व्यापारघाटा १ खर्ब ८४ अर्ब रुपैयाँ भएको उल्लेख छ । तेस्रोमा युएईमा कारोबार भएको देखिन्छ । ११ महिनाको अवधिमा युएइबाट ३२ अर्ब २८ करोड रुपैयाँको आयात भएको छ । निर्यात भने ३१ करोड रुपैयाँको मात्रै छ । फ्रान्सबाट १९ अर्ब ५२ करोडको रुपैयाँको आयात, १ अर्ब १६ करोडको निर्यात भएको उल्लेख छ । इन्डोनेसियाबाट १६ अर्ब ६२ करोड रुपैयाँको आयात र १ करोड रुपैयाँको निर्यात भएको छ ।

विभागको तथ्यां अनुसार सबैभन्दा बढी वीरगन्ज भन्सार नाकाबाट ३४.७७ प्रतिशत आयात भएको छ । वीरगन्जबाट ४ खर्ब ५१ अर्ब ९३ करोड रुपैयाँको आयात भएको उल्लेख छ । भैरहवा भन्सारबाट १६.९१ प्रतिशत आयात भएको छ । उक्त नाकाबाट २ खर्ब १९ अर्ब ७३ करोड रुपैयाँको आयात भएको तथ्यांकमा छ । यस्तै विराटनगरबाट १ खर्ब ६० अर्ब २४ करोड, त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार नाकाबाट १ खर्ब ४२ अर्ब ७३ करोड रुपैयाँको आयात भएको छ । ड्राइपोर्टबाट १ खर्ब ३३ अर्ब ५७ करोड, नेपालगन्जबाट ५० अर्ब रसुवाबाट ३८ अर्ब २० करोड मेचीबाट ३६ अर्ब २० करोड, कृष्णनगरबाट २१ अर्ब ७४ करोड रुपैयाँको आयात भएको छ । व्यापारघाटा चुलिएपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले राष्ट्रिय कार्ययोजना तयार पारेको छ । व्यापारघाटा न्यूनीकरण गर्न नेपाल सरकारका विभिन्न निकायले गर्नुपर्ने कार्यहरुको जिम्मेवारी तथा व्यापारघाटा न्यूनीकरण सम्बन्धी कार्ययोजना तयार गरिएको छ ।

## राजनीतिमा...

सकेन । स्वतन्त्रतापछि झन्डै ६ दशक सत्ताको नेतृत्व गरेको कांग्रेस जनाधार खस्किएर अस्तित्व जोगाउन हम्मे हम्मेको अवस्थामा पुगेको छ ।

निर्वाचनमा पराजित भएसँगै राहुलले नैतिक जिम्मेवारी लिँदै अध्यक्ष पद छोड्ने घोषणा गरेका थिए । उनको घोषणापछि पदमा आसिन प्रदेशका नेताहरुले पनि पदमा नबस्ने घोषणा गर्न थाले । यस्तो लहरले कांग्रेस पार्टी रित्तिने सम्भावना बढ्यो र गान्धीलाई राजीनामा नगर्न पार्टीभित्रबाट दबाब दिइयो । केही समय गान्धी अडिए । तर पाँच प्रदेशका कांग्रेस मुख्यमन्त्रीहरुले राजीनामा नगर्न सुझाए पनि उनले मानेनन् र कार्यकारिणी समिति समक्ष अध्यक्ष पदबाट राजीनामा दिएका छन् । यद्यपि राजीनामा स्वीकृत गर्न कार्यकारिणी समितिको बैठक भने बसेको छैन । अविवाहित नेता गान्धी पारिवारिक मानिने अमेठी निर्वाचन क्षेत्रबाट सानो पर्दा कि नायिका स्मृति इरानीसँग पराजित भएका थिए । तर वायनाडबाट भारी बहुमतले उनी सांसद निर्वाचित भए । अब कांग्रेसको नेतृत्व गैरगान्धी परिवारमा जाने सम्भावना बढेको छ ।

गान्धी निर्वाचनमा भाजपाविरुद्ध कडा रुपमा प्रस्तुत भएका थिए । रफाल विमान खरिदमा प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रष्टाचार गरेको भन्दै मोदीलाई 'चौकिदार चोर' को आरोप लगाएका थिए । उद्योगी अनिल अम्बानीलाई तीस हजार करोड मोदीले दिएको रहस्यलाई पनि उनले सार्वजनिक गरेका थिए । किसान र मजदुरका समस्यालाई उठाएका थिए भने मोदी राजमा बेरोजगारी दर बढेको उल्लेख गरेका थिए । महिला सशक्तीकरण र निम्न आय भएका भारतीयहरुका लागि कार्यक्रम घोषणा गरेका थिए । तर सडकका जनतासमक्ष गान्धीका योजनाहरु पुगेनन् । राष्ट्रिय स्वयंसेवक संघको प्रचार र संगठन एवं मोदीको जनप्रभावी भाषणले गान्धीलाई निस्तेज बनायो । भारतीय राजनीतिमा गान्धीको असाधारण अभ्युदय भए पनि कांग्रेसले भाजपालाई सत्ता किनारा गर्न सकेन ।

राजनीतिमा नैतिकता हुनुपर्छ भन्ने पछिल्लो उदाहरण बनेका छन् राहुल । नेपाली राजनीतिका खेलाडीहरुले पनि राहुलबाट सिक्ने पाठ हो नैतिकताको पालना । नेपालमा पराजयको नैतिक जिम्मेवारी लिएर पदबाट राजीनामा गर्ने त्यति परिपाटी छैन । एकपटक एमालेले चुनाव हारेपछि माधव नेपालले महासचिवबाट राजीनामा दिन गरेको घोषणालाई बिर्सने हो भने राजनीतिक नेतृत्वमा नैतिकताको खडेरी नै छ । गत तीनै तहको निर्वाचनमा कांग्रेस लज्जास्पद रुपमा पराजित भयो । तर त्यसको नैतिक जिम्मेवारी लिएर कांग्रेस सभापति देउवाले राजीनामा दिएनन् । कांग्रेस लथालिंग अवस्थामा पुग्दा पनि देउवामा सभापतिको मोह भंग भएको छैन । यस्ता अरु पनि थुप्रै दलका नेता छन् जो पार्टीले चुनाव हारे पनि पद छोड्दैनन् । सदावहार नेतृत्वमै रहन्छन् । उनीहरुले गान्धीको त्यागलाई कसरी बुझ्छन् कुन्नि ?

## नेपाली भूमि...

मनसुन अझै सक्रिय हुने तथा भारी वर्षा हुने समय अझै बाँकी छ । प्रारम्भिक चरणको सामान्य वर्षा हुँदा त यस्तो समस्य उत्पन्न भयो भने हप्तौं दिनसम्म लगातार भारी वर्षा हुँदा कस्तो अवस्था आइपर्ला ? स्थानीय बासिन्दा चिन्तित छन् ।

बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपका दृष्टिकोणले पहाडीभन्दा तराई क्षेत्र सुरक्षित मानिन्थ्यो तर, पछिल्ला दिनमा जनघनत्व तथा मानवीय क्रियाकलाप बढेसँगै तराई क्षेत्र झन् असुरक्षित हुन थालेको छ । चुरेभन्दा केही किलोमिटर दक्षिण सम्मका क्षेत्रमा डुबानको समस्या उत्पन्न हुनुमा नेपाल सरकार तथा स्थानीय जनता दोषी छन्, तर दक्षिणको सीमावर्ती क्षेत्र डुबानमा पर्नुको मुख्य कारण भने छिमेकी मुलुक भारतको हेपाहा तथा मिचाहा प्रवृत्ति नै हो । भारतले दशगजा (अन्तर्राष्ट्रिय सीमारेखा)को समानान्तर हुने गरी सडकको नाम दिएर निर्माण गरेको बा“धका कारण नै केही वर्षयता थोरै वर्षा हुनासाथ नेपाली भूमि डुबानमा पर्न थालेको छ । भारतले मेचीदेखि महाकालीसम्म सडकका नाममा विभिन्न खण्ड खण्डमा करिब १७ सय किलोमिटर लामो बाँध निर्माण गरिरहेको छ । करिब एकतिहाइ बाँध निर्माण सम्पन्न भएको छ । यति काम सम्पन्न हुँदासम्म नेपाल तर्फका ५४ स्थानका करिब डेढ लाख हेक्टर क्षेत्रफलमा डुबानको समस्या देखिएको छ । बा“धको काम सम्पन्न हुँदा नेपालतर्फको करिब पा“च लाख हेक्टर जमिन जलाशयमा परिणत हुने विज्ञहरूले औंल्याएका छन् । हुलाकी सडकभन्दा दक्षिणतर्फको लाखौं हेक्टर नेपाली भूमिलाई जलाशयमा परिणत गर्ने र ती जलाशयको पानी हिउँदयाममा आफूले उपयोग गर्ने नियतका साथ भारतले बाँध निर्माण परियोजना अघि सारेको देखिन्छ ।

विगत दुई दशकदेखि यो समस्यासँग स्थानीय बासिन्दा जुधिरहेका छन् । गत वर्ष सप्तरीका स्थानीय बासिन्दाले बाँध भत्काउने क्रममा दोहोरो झडपसमेत भएको थियो । दर्जनौं नेपाली घाइते भएका थिए । यो समस्या समाधान गर्ने विषय स्थानीय जनताको बुताभित्र पर्दैन । जे जति प्रतिरोध गरेका छन् त्यसका लागि स्थानीय जनतालाई धन्यवादबाहेक केही दिन सकिन्न । दुई देशबीचका सरकारले सौहार्दतापूर्वक यो समस्या समाधान गर्नुपर्छ । अर्कोदेशको पानीको प्राकृतिक बहावलाई प्रभाव पार्ने गरी भौतिक संरचना निर्माण गर्न अन्तर्राष्ट्रिय कानुनले पनि मिल्दैन । पहिलो चरणमा भारतसँग औपचारिक रूपमा नेपाल सरकारले कुरा राख्नुपर्छ । सुनुवाइ नगरे अन्तर्राष्ट्रिय अदालतमा जानुपर्छ । अन्तरदेशीय जलासयहरू अमेरिका र क्यानडामा पनि बनाइएका छन् । क्यानडामा निर्मित जलासयको पानी संयुक्त राज्य अमेरिकाले उपयोग गरेको छ । अमेरिका र क्यानडा बीचको कोलम्बिया सन्धीअन्तर्गत क्यानडाले आफ्नो केही भू-भाग डुबानमा परेर अमेरिकालाई फाइदा हुने हुनाले उसले तल्लो तटीय लाभ बापत अमेरिकाबाट वार्षिक ६.४ करोड अमेरिकि डलर प्राप्त गर्ने गरेको नजीर छ । अमेरिकाले क्यानडाको पानी कुन प्रक्रियाले उपयोग गरेको छ ? नजीर नेपाल र भारतका हकमा त्यो नजीर लागू हुन किन सकिरहेको छैन ? भन्ने प्रश्न नेपालले उठाउन सक्नुपर्छ । यो समस्याको निरूपण नेपालले बेलैमा गर्न सकेन भने पछुताउनुबाहेक अर्को विकल्प हुने छैन ।

## आइफा...

भारतीय निजी कम्पनी बिज क्र्याफ्ट इन्टरनेसनलसँग हुन लागेको सम्झौता मस्यौदामा कार्यक्रम सञ्चालनमा कुनै समस्या आए क्षति व्यहोरे कानुनी रुपमा लड्न दिल्ली जानुपर्ने जस्तो राष्ट्रहित प्रतिकूल प्रावधान समेत छन् । अगस्ट अन्तिम साता हुने भनिएको आइफा अवार्ड समारोहका लागि भारतीय फिल्म जगतका ६ सय कलाकार काठमाडौं आउने दोहोरो हवाई टिकट स्थानीय आवतजावत, होटल, खानपान र सुविधा समेत नेपालले बेहोर्नु पर्ने शर्त छन् । आयोजकले १०० वटा सुइट रुम सहितका १४ सय होटल कोठा, स्थानीय यातायातका लागि ४० सुपर लक्जरी र ६० लक्जरी कार तथा भ्यान, बस माग गरेको थियो । प्रायःजसो कलाकार मुम्बई, दिल्ली र बेंग्लोरदेखि आउने जानकारी दिइएको थियो । कलाकारसँग उनीहरु एकजना सहयोगी पनि आउने भएकाले झन्डै १५ सय बढीका लागि नेपालले आतेजात, खान्तेपिन्ते र सुत्ने व्यवस्था मिलाउनुपर्ने थियो । कलाकारहरु ल्याउन नेपाल एयरलायन्ससँग ३ सय ६० वटा बिजनेस र त्यति नै इकोनोमी क्लासका टिकट मागिएको थियो । एक व्यक्तिका लागि दुईतर्फी टिकटमा ७० हजार खर्च हुन्छ । ६ सय जना कलाकारका लागि मात्र हवाई भाडा चार करोड २० लाख खर्च हुन्छ । नेपाल एयरलाइन्सले यो सुविधा दिन नसक्ने जनाएको अवस्था थियो ।

कार्यक्रममा आउने ६ सय कलाकारलाई पाँचतारे होटलमा बस्ने प्रबन्धको जिम्मा सरकारले होटल एसोसिएसन नेपाल (हान) ले दिने तयारी सरकारको थियो । प्रत्येक कलाकारलाई भिआईपी रुमको व्यवस्था गरिने, प्रतिकोठा दैनिक ६ सय डलर अर्थात् ६६ हजार रुपैयाँ पर्थ्यो । कार्यक्रम तीन दिनसम्म चले पनि सबै कलाकार पूरै अवधि नबस्ने भएकाले तीन दिनमा १४ सय रुमको मात्र आवश्यकता पर्ने पर्यटन बोर्डको आँकलन थियो । काठमाडौं उत्रिसकेपछि कलाकारहरुलाई विमानस्थलबाट होटलसम्म लैजान र होटलबाट कार्यक्रमस्थलसम्म ल्याउन लैजान सुविधा सम्पन्न गाडीको व्यवस्था गरिँदैछ । यसको सम्पूर्ण व्यवस्था गर्ने जिम्मा नाडा अटोमोबाइल्स डिलर्सलाई दिइएको पर्यटन बोर्डले जनाएको छ । नाडाको नेतृत्वमा उपत्यकाभित्र रहेका सबै सो रुमका नयाा गाडी प्र्योग गर्ने योजना छ । यस प्रयोजनमा कम्तीमा चार सयवटा गाडी प्रयोग हुँदै थिए ।

स्टेज बनाउन ४४ करोड काठमाडौं महानगर र नेपाल पर्यटन बोर्डलाई नगद दिन नेपाल सरकारले अनुरोध गरेको थियो । इन्टरनेसनल इन्डिया अवार्ड (आइफा) नेपाली सैनिक मुख्यालय अगाडिको खेलकुद मैदान अथवा सैनिक मञ्च टुँडिखेलमध्ये कहाँ आयोजना हुने निश्चित भएको थिएन । तर आयोजकले सैनिक मुख्यालयको मैदान रोजेर गएका थिए । जुनसुकै ठाउँमा बनाए पनि अस्थायी स्टेज (डोम) दुबईबाट आउँदै थियो । स्टेजको यातायात भाडा तथा प्रतिस्थापन बापत ४४ करोड रुपैयाँ आयोजकले नेपालसँग मागेको हो । अर्थमन्त्री युवराज खतिवडाले आइफालाई सरकारी पैसा नदिने बताए तर उनले जनतालाई बेवकुफ बताइरहेका थिए । यदि सरकारले पैसा नदिने हो भने विजक्र्याफ्ट इन्टरनेसनलले किन काठमाडौंमा कार्यक्रम गर्दैछ ? पर्यटन बोर्ड सरकारकै निकाय होइन ? काठमाडौं महानगरमा जनताले कर जम्मा गरेका छैनन् ? गरिब नेपाली जनताले गाँस काटेर तिरेको कर खर्चिएर आइफा अवार्डको आयोजना सरकारले किन गर्दैछ ? अनि जनतालाई सरकारले पैसा दिँदैन भनेर आम मानिसलाई सरकार सरासर झूट किन बोलिरहेको छ ? नेपालमा आइफा अवार्ड कार्यक्रम गर्दा पर्यटन प्रबर्द्धनमा सहयोग पुग्ने सरकारी भनाइमा कुनै दम छैन । आइफा अवार्ड समारोह मात्र होइन, मनोरञ्जनका नाममा भारतीय सांस्कृतिक साम्राज्यवादको एउटा टुल पनि हो ।

भारतीय कलाकारहरु मनोरञ्जनात्मक कार्यक्रममार्फत आफ्नो बजार विस्तार गर्न चाहन्छन् । यसकै लागि उनीहरुले आइफा विभिन्न देशमा आयोजना गर्दै आएका छन् । यसअघि आइफा अवार्ड समारोह अमेरिका, नेदरल्यान्ड, दक्षिण अफ्रिका, सिंगापुर, थाइल्यान्ड, ब्रिटेन, डेनमार्क, स्वीटजरल्यान्ड, अष्ट्रेलिया, क्यानडा लगायत श्रीलंकामा समेत सम्पन्न भएका छन् । नेपालमा हुने भनिएको आइफा अवार्ड समारोह बीसौं संस्करण हो । बिज क्र्याफ्ट इन्टरनेसनलले श्रीलंकामा बाहेक अन्य देशमा आइफा अवार्ड कार्यक्रम गर्दा आफैंले सम्पूर्ण खर्च व्यहोरेको थियो । श्रीलंकाले आइफा अवार्ड समारोह गर्दा दुई विलियन खर्च गरेको थियो । पर्यटनको प्रबर्द्धन हुने, पर्यटकहरुको संख्या बढ्ने र आर्थिक समृद्धि हुने श्रीलंका सरकारको सपना पूरा भएन । आइफा अवार्ड समारोहमा भाग लिएका भारतीय कलाकारहरुले श्रीलंकालाई सुटिङ स्थलका रुपमा समेत रोजेनन् । भ्रमण वर्ष सन् २०२० लाई मध्यनजर गर्दै आइफा अवार्ड समारोहको आयोजना गर्न लागिएको सरकारी भनाइ सार्वजनिक भयो । तर यसले भयंकर जोखिम पनि ल्याउन सक्यो । गत वर्ष यही महिनामा भारतीय अभिनेत्री जुही चावला काठमाडौं आएकी थिइन् । उनले ट्विट गरेकी थिइन्- 'काठमाडौंमा हाम्रो कार पर्खंदै गर्दा असाध्यै धूलो छ, ट्राफिक जाम छ, डिजेल र पेट्रोलको गन्ध सहिनसक्नु छ । हामीले अनुहार छोप्नुपर्ने अवस्था छ । सहरका बासिन्दा हरेक दिन सर्जिकल मास्क लगाएर हिँड्छन् ।' काठमाडौं सहरको अवस्था अहिले पनि जुहीले ट्विट गरेजस्तै छ ।

दुबईबाट ५६ करोडको टेन्ट राखेर गर्ने योजना गरिएको आइफा अवार्ड कार्यक्रमबाट सरकार ब्याक हुन बाध्य हुनु जनस्तरमा उठेको विरोध र आक्रोशको परिणाम हो । भारतीय कलाकारहरु नेपालको पर्यटन प्रबर्द्धन गर्न नेपाल आउने होइनन्, आफ्नै फाइदाका लागि आउनॆ हुन् । अरबपति छन् भारतीय कलाकारहरु । तिनीहरुका लागि नेपाल जस्तो गरिब देशले खर्च बहन गर्नु कति पनि उचित होइन । दूरदराजका जनता जीवनजल र सिटामोलको अभावमा अकालमा मर्न बाध्य छन् । सरकार भारतीय कलाकारका लागि अरब रुपैयाँ सहयोग गर्न तयार थियो । नेपालको फिल्म उद्योगका लागि केही पनि गर्न नचाहने सरकार भारतीय फिल्मको प्रबर्द्धनमा जुट्नु गम्भीर भूल हो । आइफा अवार्ड समारोह यदि काठमाडौंमा गरिएको भए त्यसले नेपालको मौलिक कला र संस्कृतिमाथि नै भयंकर हमला गर्ने निश्चित थियो । आइफाका ब्रान्ड एम्बेस्डर अमिताभ बच्चन लगायत भारतीय कलाकारहरुले नेपालमा भूकम्प जाँदा कस्तो सदासयता देखाए नेपाली जनतालाई राम्रै थाहा छ । सलमान खानले सहयोग गर्ने भनेर हल्ला चलाए पनि पछि त्यसमा सत्यता नभएको भन्दै टकटकिए । यस्ता मतलवी भारतीय कलाकारका लागि गरिब नेपाली जनताले तिरेको कर खर्चिएर किन मस्ती गराउनुपर्ने ?

१२ असारमा सरकारले जारी गरेको प्रेस विज्ञप्तिमा काठमाडौं महानगरपालिका र नेपाल पर्यटन बोर्डलाई आइफा अवार्ड आयोजना गर्न स्वीकृति दिने निर्णय उल्लेख थियो । निजी क्षेत्रको एउटा अवार्ड आयोजना गर्न सरकारले प्रकारान्तरले राष्ट्रिय कोषबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी एक अर्ब बढी रकम खर्च गरेर अवार्ड आयोजना गर्नु लुटको धनले फूपूको श्राद्ध गरेजस्तै फजुल खर्च हो । गत जनवरीमा एउटा क्रिश्चियन धर्म प्रचारक संस्थाले एसिया प्यासिफिक समिटका नाममा नेपालमा अन्तर्राष्ट्रिय सम्मेलन गर्दा सरकारले राज्यको ढुकुटी मुठ्ठी खोलेर खर्च गरेर बदनाम भयो । आइफा अहिलेकै मोडलमा आयोजना हुनु पनि त्यस्तै हो । यसले ओली सरकारको साख त गिर्ने नै थियो आर्थिक अनुशासनहीनताले प्रश्रय पाउने यथार्थता पनि त्यत्तिकै थियो । ओली सरका ववादास्पद निर्णयहरु गरेर बदनामी कमाइरहेको छ । यसकै पछिल्लो श्रृंखला थियो आइफा अवार्ड समारोहको आयोजना । इभेन्ट आयोजकले सम्पूर्ण खर्च आफैंले तिरेर कार्यक्रम गर्न सक्थ्यो जसरी अन्य देशहरुमा गरेको थियो । तर नेपालसँग भने उसले सिधै पैसा माग्यो । सरकार दिन तयार भयो तर जनस्तरबाट तीव्र विरोध भयो । कार्यक्रम नै बिथोलिने सम्भावना बढेपछि सरकार पछि हट्न बाध्य भयो ।

सरकारले गुठी विधेयक ल्याएपछि त्यसको विरोध र प्रतिकारमा जब जनता सडकमा उत्रिए तब सरकार डरायो र विधेयक फिर्ता लियो । अहिले आइफा अवार्डको कार्यक्रमको विषयले पनि जनतालाई सडकमा उतार्दै थियो । भारतको चरम चाकडी राष्ट्रवादी भनिने सरकार किन गरिरहेको छ ? नाकाबन्दी लगाएर नेपालीलाई मोदी सरकारले दुःख दिँदा भारतीय कलाकारहरु कोही बोले ? चौकिदारको देश भनेर भारतीयहरु नेपाललाई हेप्छन् । बहादुर, नेपालन भनेर झारेर बोल्छन् । तर सरकार भने भारतीय कलाकारलाई ल्याएर सैनिक मुख्यालय अगाडि नचाउने र ताली ठोक्न आतर देखिन्छ । के यही हो राष्ट्रवाद ?

## वायु...

विश्व स्वास्थ्य संगठनले हालै सार्वजनिक गरेको एउटा अध्ययन प्रतिवेदनका अनुसार दक्षिणपूर्वी एसियामा सबैभन्दा धेरै प्रदूषण हुने मुलुकहरूको सूचीमा नेपालको नाम पनि परेको छात्यो प्रतिवेदनका अनुसार वायु प्रदुषणका कारण मानिसहरूको मृत्यु धेरै हुने देशहरूको सूचीको शीर्ष स्थानमा नेपाल र उत्तर कोरिया छन्। तथ्याङ्कअनुसार नेपालमा बर्सेनि करिव दश हजार जनाले वायु प्रदूषणका कारण ज्यान गुमाउने गरेका छन् । विश्वमा प्रत्येक नौ जनामा एक जनाको मृत्यु वायु प्रदूषणका कारण हुने गरेको छ । त्यस्तै इनभायरोमेन्टल पर्फरमेन्स इन्डेक्स-२०१८ नामक प्रतिवेदनले विश्वमा १८० मुलुकमध्ये नेपाल वायु प्रदूषणमा १७६औं स्थानमा रहेको देखाएको छ । अझवायु गुणस्तरको मात्रा तुलना गर्दा त नेपाल अन्तिम १८० औं स्थानमा रहेको बताइएको छ।

यसैगरी वर्ल्ड एयर क्वालिटी रिपोर्ट-२०१८ नामक अर्को प्रतिवेदनले नेपालको वायु प्रदूषणको औसत अवस्था ५४ दशमलव २ पीएम/घनमिटर देखाएको छ । यो गम्भीर अवस्थासंवेदनशील समूहका मानिसका लागि प्राणघातक हो । यो प्रतिवेदनले नेपाललगायत दक्षिण एसियाली मुलुकहरू बङ्गलादेश, पाकिस्तान, भारत, अफगानिस्तानलाई उच्च प्रदूषित १० राष्ट्रकै सूचीमा राखेको छ । प्रतिवेदनमा विश्वका राजधानी सहरमध्ये काठमाडौं प्रदूषित सहरमा सातौं स्थानमा छ । इसिमोड, संयुक्त राष्ट्रसङ्घको वातावरण संरक्षण कार्यक्रम तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले केही वर्षअघि गरेको अध्ययनले काठमाडौं उपत्यकाभित्र मानव उत्सर्जित फोहोर वार्षिक १९२ टन रहेको उल्लेख गरेको छ । जसमा ५० प्रतिशत धूलोका कणको मात्रा छ । कार्बनमोनोक्साइड ३२ प्रतिशत र बाँकीमा अन्य हाइड्रो कार्बन, सल्फरडाइअक्साइडलगायतका छन् ।विभिन्न अध्ययनले काठमाडौंबाहेक नेपालका अन्य सहरको वायु प्रदूषणको अवस्था पनि चिन्ताजनक अवस्थामै रहेको देखाएका छन् ।

यसरी नेपालमावायु प्रदूषणको समस्या प्रतिदिन जटिल वन्दै गएको छ । वन-जङ्गल विनाश, उद्योगधन्दा, खनिज ऊर्जाको अत्यधिक प्रयोग, अव्यवस्थित सहरीकरण र सडक,दाउरा गुईठाको प्रयोग तथा फोहोरमैला आदि नेपालमा वायु प्रदूषणको वढ्नाकामुख्य कारण हुन् ।

नेपालमा वायु प्रदूषणका कारण मतिष्कघात, मुटुको रोग, फोक्सोको क्यान्सरलगायतका नसर्ने रोगको जोखिम बढ्दै गएको अध्ययनहरुले देखाएका छन । वायु प्रदूषणका कारण उपत्यकामा मुटुरोगी ७२ प्रतिशत, दमका बिरामी १४ प्रतिशत र फोक्सोको क्यान्सर १४ प्रतिशतले बढेको छ । उपत्यकामा वायु प्रदूषणले दमखोकीका बिरामी अस्पताल भर्ना हुने दरमा १ दशमलव ३ प्रतिशत, निमोनियाबाट भर्ना हुनेमा ३ दशमलव ४ प्रतिशत बढेको छ भने श्वासप्रश्वाससम्बन्धी रोगबाट मृत्यु हुने दर ३ दशमलव ६ प्रतिशतले प्रत्येक वर्ष बढेको अनुसन्धानबाट देखिएको छ ।

वायु प्रदूषणले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने मात्र नभई, जीविकोपार्जनमा समेतयसले गम्भीर असर गरिरहेको छ । मूलतः वन-जङ्गल फडानी र कार्बन उत्सर्जनको सिधै प्रभाव जलवायु परिवर्तनमा पारिरहेको छ । जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रममा वृद्धि भई अनियमित वर्षा, बाढीपहिरो लगायतका कयौं समस्या बढेको छ । वायु प्रदूषण र त्यसबाट हुने जलवायु परिवर्तनले मानव अस्तित्व नै सङ्कटमा पर्दै गएको छ । यो कुनै खास क्षेत्र, मुलुकको मात्रै नभई, विश्वकै साझा समस्या हो ।

स्वच्छ वायु र वातावरण संरक्षणका लागि वन-जङ्गल संरक्षणमा जोड दिईपुराना प्रदूषक सवारी साधनलाई विस्थापित गरी हानिकारक रसायनयुक्त वायु प्रदूषण कम गर्नेतर्फ प्रभावकारी पहलको आवश्यकता छ । यसका साथै वैज्ञानिक फोहोर व्यवस्थापनमा जोड दिईवायु प्रदूषणले निम्त्याउन सक्ने गम्भीर प्रभावलाई न्युन गर्नसहरी क्षेत्रबाट उद्योगधन्दा स्थानान्तरण गर्नुका साथै सफा ऊर्जा र प्रविधिको प्रयोग वढाउनु पर्छ ।सहरी क्षेत्रको वायु प्रदूषण कम गर्न प्रदुषक सवारीसाधनलाई विस्थापित गरी वातावरणमैत्री सवारीसाधन को उपयोगमा जोड दिन आवश्यक छ । त्यस्तै ग्रामीण क्षेत्रमा घरभित्र दाउरा तथा गुइँठो बाल्ने प्रवृत्ति लाई निरुत्साहित गरी सुधारिएको चुलोको उपयोगमा जोड दिन सकियो भने यसले वायु प्रदूषणका कारण उतपन्न हुने समस्याको न्यूनिकरणमा सकारात्मक योगदान पुग्ने निश्चित देखिन्छ ।

ajenepal@yahoo.com